वर्ष : १९, अंक : ४२, काठमाडौँ, २०८० फागुन ११ गते शुक्रबार, 23 February, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## अहिंसाको बाटोले मात्रै मुलुकलाई स्थायित्व दिन्छ : उपेन्द्र यादव

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले हिंसाको बलमा प्राप्त जस्तोसुकै उपलब्धि धेरै समयसम्म टिक्न सम्भव नभएको टिप्पणी गरेका छन् । पूर्व उपप्रधानमन्त्री समेत रहेका जसपा नेपालका अध्यक्ष यादवले अहिंसाको बाटोले मात्रै मुलुकमा प्राप्त उपलब्धिको रक्षा एवं स्थायित्व दिने बताए ।



शुक्रबार जसपा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विभागले पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा आयोजना गरेको नेपाल-भारतको समाजवादी आन्दोलनमा डा. राममनोहर लोहिया विचारको सान्दर्भिकता विषयक अन्तरक्रिया कार्यक्रममा अध्यक्ष यादवले समाजवादी विचारधारालाई अनुसरण गर्दै समाजमा पछाडि पारिएका वर्ग र समुदायको सशक्तीकरणका लागि अहिंसाको मार्ग अवलम्बन गरी सबैलाई मिलेर संघर्ष गर्न आह्वान गरे ।

हिंसाले कुनै पनि मुलुकलाई स्थायित्व नदिएको जिकिर गर्दै अध्यक्ष यादवले सिंगो मुलुक र समाजलाई सही दिशा प्रदान गर्न आजको समयमा समाजवादी चिन्तन झनै सान्दर्भिक रहेको बताए । अध्यक्ष यादवले अन्यायमा परेका नेपाल र भारतका जनताको हक अधिकार सुनिश्चितताका लागि दुवै देशका समाजवादी चिन्तकका बीच साझा सहकार्यको आवश्यक्ता रहेको औल्याए ।

अध्यक्ष यादवले पछाडि परेका तथा विभेदमा पारिएका जनताको हक, अधिकार र सामाजिक न्याय एवं उनीहरुको सशक्तीकरणका लागि समाजवादी आन्दोलनलाई निर्णायक बिन्दुमा पुर्याउन आफूहरू संघर्षरत रहेको बताए ।

सो अवसरमा भारतका समाजवादी चिन्तक डा. सुनिलम्ले नेपालका समाजवादी शक्तिहरू एकताबद्ध भएर अगाडि बढ्न सके मात्र विभेदमा परेकाहरूको हक अधिकारका लागि अधिकतम् कार्य एवं उत्थान गर्न सकिने बताए ।

डा. सुनिलमले नेपाल र भारत दुबै देशमा कृषक र मजदूर वर्गमाथि चरम विभेद र अन्याय कायम रहेकोले द्वयदेशिय समाजवादी चिन्तकका बीच संघर्षको चरणमा सहकार्यको आवश्यक्तामा जोड दिए ।

## हृदयेशको जप्रपा र वृषेशको तमलोपाबीच सहकार्य गर्ने सहमति



काठमाडौं । हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी नेपाल र वृषेशचन्द्र लालको तराई-मधेश लोकतान्त्रिक पार्टीबीच सहकार्य गर्ने सहमति भएको छ । देशको वर्तमान परिस्थितिप्रति चिन्तित र सजग हुँदै निम्नलिखित बूँदाहरुलाई प्राथमिकतामा राखी दीर्घकालीन समाधानका लागि सतत प्रयत्नशील रहने प्रणका साथ त्रिपाठी र लालको पार्टीबीच सहकार्य भएको हो ।

नेपालको संविधानको रक्षार्थ यसमा समसामयिक संशोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढिकरण गर्न, तराई-मधेशका साथै सम्पूर्ण देशमा सुशासन र समृद्धिको लक्ष्य प्राप्ति गर्न, विद्यमान सबै प्रकारका विभेद अन्त्य गर्न, निरन्तर बिग्रदो अर्थतन्त्रमा सुधार तथा देशको कृषि उत्पादनमा वृद्धि र किसानको हितमा क्रियाशील रहन र लाल आयोगको प्रतिवेदन सार्वजनिकरण तथा कार्यान्वयन गराउन सहकार्य गर्न सहमति भएको तमलोपाका नेता उमेश मण्डलले जनाएका छन् । उपरोक्त विषयहरुमा सहमत हुन सक्ने लोसपा, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी लगायतका अन्य दलहरुलाई यस सहकार्यको अभियानमा सरीक हुन त्रिपाठी र लालले अनुरोध समेत गरेका छन् ।

## विद्यार्थीका सिकाईलाई पाठ्यपुस्तक र कक्षाकोठामा मात्र सीमित गरिनु हुन्न : उपराष्ट्रपति यादव



काठमाडौं । सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादव ज्यूले विद्यार्थीहरुमा ज्ञान, सीप र कौशलको विकास तथा सकारात्मक सोच, मूल्य मान्यता, मनोभाव र व्यवहारको पृष्ठपोषणमा गुणस्तरीय सिकाई र शैक्षणिक स्रोतहरु अति आवश्यक रहेको बताउनु भएको छ । उहाँले विद्यार्थीहरुले विभिन्न वातावरण र विविध तरिकाबाट शिक्षण सिकाई क्रियाकलापमा सक्रिय हुँदै आ-आफ्नो सिकाई गर्न सक्ने उल्लेख गर्दै उनीहरुको सिकाईलाई पाठपुस्तकले बाँधिनु र कक्षाकोठाहरुमा मात्र सीमित गर्न नहुने बताउनु भयो । काठमाडौंको प्रज्ञा भवनमा बिहीबार आयोजित 'पाठ्य पुस्तक अडिट सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक तथा राष्ट्रिय शैक्षिक नीति संवाद' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, 'विद्यार्थीहरुको सिकाईलाई शैक्षिक सामग्री र अनुभवका आधारमा विविधतायुक्त बनाउन सक्नु पर्दछ । अझ, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप समय अनुकूलित पाठ्यक्रम र पाठ्यपुस्तक हुनु जरुरी छ ।'

*बाँकी अन्तिम पृष्ठमा*

## दलहरूको लुटले जनतामा निराशा छायो : प्रभु साह

रौतहट । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले फिरंगी नेतृत्वका कारण गौरको विकास हुन नसकेको बताए ।

रौतहटको गौरमा आजपाको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले गौर सहित रौतहट एवं मधेसको विकासका लागि धर्तीपुत्र नेताको नेतृत्व हुन आवश्यक रहेको बताए ।

'गौर वा रौतहटको विकास किन हुन सकेन् ? तपाई हामी सबैलाई थाहा छ फिरंगी नेतृत्व रहेसम्म त्यो सम्भव छैन् । फिरंगी नेताहरुको कारण रौतहट सहित मधेस मानव विकास सूचांकमा पछाडी परेको छ' आजपा अध्यक्ष साहले भने, 'यहाँको



बिकासका लागि यहीका धर्तीपुत्र नेताको नेतृत्व हुन जरुरी छ, यी फिरंगी नेतृत्वले यहाँको बिकास हुदैन् । त्यसमा हामी सचेत हुनैपर्छ ।'

फिरंगी नेताको नेतृत्वका कारण रौतहटको विकास हुन नसकेको बताउँदै उनले मानव विकास सूचांकमा पछाडी पर्नुमा उनीहरुको आसेपासेको भ्रष्टाचारका कारण पनि रहेको उनले बताए । हरेक हिसावले मधेस भन्दा पछाडी परेको कर्णाली मधेसभन्दा मानव सूचांकमा अगाडी हुन दु:ख बिषय भएको बताउँदै उनले यहाँको नेतृत्व परिवर्तन हुन जरुरी रहेको बताए । रौतहट सहित मधेसको विकासका लागि यहाँ विकास प्रेमी र धर्तीपुत्र नेता नेतृत्वमा हुन आवश्यक रहेको साहको भनाई रहेको छ ।

प्रमुख भनिएका दलहरुको सिण्डिकेट र लुटका कारण मुलुक समृद्ध हुन नसकेको बताउँदै उनले दलीय सिण्डिकेटको अन्त्य हुनुपर्ने बताए । अहिलेको व्यवस्था असफल भएको बताउँदै साहले दलहरुको भ्रष्टाचार र सरकारको मनोमानी कार्यका विरुद्धमा आवाज उठाउँनुपर्ने समय आईसकेको बताए ।

'अहिले हेर्ने हो भने दलहरुले लुट मचाएका छन् । काम केही गर्नुछैन्, जनतालाई झुक्याउँने, आसेपासे पाल्ने, भ्रष्टाचार, अनियमितता गर्ने र समृद्धिको गफ दिने कामले आम जनता पनि आजित भईसकेका छन्' साहले भने, 'यो दलहरुको

*बाँकी अन्तिम पृष्ठमा*

## बजेट पर्याप्त दिन्छु, गुणस्तरीय सेवा पनि दिनुस् : मुख्यमन्त्री यादव



जनकपुरधाम । मुख्यमन्त्री सरोजकुमार यादवले विकास, शिक्षा र स्वास्थ्य गरी तीनवटा कुरामा राजनीति गर्न नहुने बताएका छन् । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको तेस्रो बार्षिक समारोहको अवसरमा उनले सो कुरा बताएका हुन् ।

यसअघि बजेटको सकसबारे उठेको प्रश्नको जवाफ दिँदै उनले भने, 'प्रतिष्ठान संचालनमा जति रकम चाहिन्छ एक रुपैंयाँ पनि कन्जुस्याईं गर्दिन् । तर बजेटले मात्र हुँदैन, गुणस्तरीय सेवापनि दिइनुपर्दछ ।' उपचारको लागि काठमाडौं जाने धरान, चितवन रेफर गर्ने अवस्थाको पनि अन्त्य हुनुपर्ने आवश्यकतामा मुख्यमन्त्री यादवले जोड दिए ।

उपकुलपति नियुक्तिबारे आफू र स्वास्थ्य तथा जनसंख्या मंत्रीबीच मनमुटाव रहेको आरोपको सन्दर्भ तथ्यहीन रहेको भन्दै उनले यही महिनामा उपकुलपति नियुक्त हुने जानकारी पनि दिए । 'सिफारिसको २४ घण्टाभित्र नियुक्त गरेर पठाउँछौ, कुनै चलखेल हुनेछैन,' उनले प्रतिबद्धता व्यक्त गरे ।

सोही अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्री एवम् सहकुलपति वीरेन्द्र प्रसाद सिंहले प्रतिष्ठानका संस्थापक उपकुलपति प्रा.डा. रामकेवल साहप्रति श्रद्धाञ्जली व्यक्त गर्दै प्रतिष्ठानलाई अध्ययन र अध्यापनको क्षेत्रमा प्रदेशकै गौरवमय संस्था बनाउने प्रतिबद्धता व्यक्त गरे ।

*बाँकी अन्तिम पृष्ठमा*

## कारागार कार्यालय गौरमा क्षमताभन्दा बढी कैदी

राकेश यादव, रौतहट । जिल्ला कारागार कार्यालय रौतहट गौरमा क्षमताभन्दा कैदी बन्दीहरु रहेका छन् । कारागारमा बस्ने कैदी बन्दीको क्षमता २ सय रहेकोमा अहिले ३२१ जना कैदी बन्दी रहेका हुन् ।

भौतिक पूर्वाधारको आभाव रहेको रौतहट कारागार कार्यालयमा विभिन्न मुद्दाका कैदी तथा थुनुवा कैदीको संख्या ३२१ रहेको कारागार कार्यालयका प्रमुख जेलर प्रशान्त कुमार बर्माले बताएका छन् । प्रयाप्त भवन नरहेको कारण क्षमताभन्दा बढी कैदीलाई राख्नु परेको समस्या उल्लेख गरे ।

प्रशासकीय अधिकृत बर्माले कारागार कार्यालयको पुरानो भवनदेखि दक्षिण तर्फमा अतिक्रमण गरी राखिएको करीव ४ कठ्ठा जग्गा खाली गराएर माटो पुरिएको बताउँदै खाली जग्गामा थप भवन निर्माण गर्नको लागि केन्द्रीय कार्यालयबाट बजेट माग समेत गरिएको जानकारी गराएका छन् ।

गौर कारागार कार्यालयबाट ३० जना कैदीलाई अन्य कारागारमा पठाइएको समेत




बताए । संख्या अनुसारको बस्ने कोठा नभएको कैदीहरुलाई बस्न समस्याको सामना गरिरहनु परेकोले भवन निर्माणमा केन्द्रीय कारागार विभागले चासो लिनु पर्ने भनाइ उनको रहेको छ ।

कारागार कार्यालयमा रहेका कैदी बन्दीमा सबैभन्दा बढी कर्तव्य ज्यान मुद्दाका रहेका छन् । कर्तव्य ज्यान मुद्दाका कैदी पुरुष ६८ र महिला ६ जना तथा थुनुवा कैदी तर्फ पुरुष ३६ र महिला ३ जना गरी ११३ जना रहेका छन् ।

ज्यान मार्ने उद्योगका ८ जना, हातहतियार खरखजाना मुद्दाको ३ जना, लागूऔषध मुद्दाको ३३ जना, जवरदस्ती करनी मुद्दाका ५३ जना, डाका मुदाका ५ जना, मानव बेचबिखन मुद्दाका ५ जना चोरी मुद्दाका २९ जना, अपहरण तथा शरीर बंधक मुद्दाका १६ जना, ठगी, कीर्ते, बिगो लेनदेन मुद्दाका ६ जना कैदी तथा थुनुवा रहेको कारागार कार्यालयले जनाएको छ ।

खोटा चलन मुद्दाका ३, बहुविवाह मुद्दाका ५, कुटपिट सवारी अंगभंग मुद्दाका ६, सवारी ज्यान मुद्दाका २४, भन्सार छली मुद्दाका २, राज्य बिरुद्ध, सार्वजनिक मुद्दाका ५, नागरिकता, तेजाब मुद्दाका १ अभद्र व्यवहारका १ जना कैदी रहेका छन् ।

कारागार कैदी पुरुष १७८ र थुनुवा १२६ गरी ३०४ र महिला कैदी ११ तथा थुनुवा ३ गरी १४ जना र ३ जना नबालाक रहेको छ ।

विभिन्न मुद्दामा अभियोग सावित भई सजाय पाइसकेका तथा थुनछेकको क्रममा मुद्दाको अनुसन्धानका लागि कारागार चलान भएका कैदीलाई सहज रुपमा बास बस्नु पर्ने व्यवस्था गर्नु पर्ने अधिकार केन्द्रीय कारागार व्यवस्थापन विभागको रहेकोले मानव अधिकारको रक्षाको लागि समयमै सरकारले गौर कारागार कार्यालयको आभाव रहेको भवनको निर्माणमा सक्रियता देखाउनु पर्ने जरुरी रहेको छ ।

## सम्पादकीय

# परनिर्भरता दर यसरी तीव्र रूपमा बढ्दै

समस्यै समस्यामा अल्झिएको कृषकले बैंक वा वित्तीय संस्थाको ऋण लिने जटिल प्रक्रियालाई थग्नै सक्दैन । फुर्सतको अभावमा कृषक विधीपूर्वक समय दिन नसक्ने भएपछि सरोकारवालाको पहुँच ऋणसम्म हुन सक्दैन र बिचौलियाहरू कृत्रिम कृषकको रूपमा बैंकबाट ऋण लिएर यसको दरूपयोग गरेको परिणामले देखाउँछ । विचौलियासम्म कृषि ऋण पुग्दा दिने लिने दुबैपक्ष लाभान्वित हुने भएकोले यस्तो सरल कार्य को गर्न चाहँदैन । विधी पुऱ्याएर कृषिक्षेत्रमा गरिएको लगानी जोखिम कर्जाको रूपमा परिणत भयो भने सरोकारवालाको घरघरानाबाट असुल उपर गर्ने कानूनी प्रक्रिया त छँदैछ । प्रत्येक वर्ष १ खर्ब २३ अर्ब २७ करोडको कृषिमा लगानी भई रहँदा त्यस्को अपेक्षित परिणाम नआउनु र त्यो चिंता, चासो र अनुसन्धानको विषय नबन्नु संस्थागत अनियमितताको ठूलो उदाहरणतिर संकेत गर्दछ ।

नेपालको उत्पादन क्षेत्र धाराशायी रहेको कारण महँगी र बेरोजगारी चरम अवस्थामा छ । फलत: नेपालका ५० लाख युवा विश्वको श्रम बजारमा बेचिन बाध्य हुनु पऱ्यो । नेपालमा कुल जनसंख्याको १७.५ प्रतिशत जनसंख्या, ३० प्रतिशत परिवार अर्थात् ५० लाख मानिस गरिबी रेखामुनि रहेको छ । उत्पादन क्षेत्र धाराशायी रहँदा आयातको भरमा नेपाली अर्थतन्त्र चलायमान रहेको कुराप्रति नसरकार, नप्रतिपक्ष, नअर्थविद् सम्बेदनशील बनेको छ र देशको अर्थक्षेत्र दिनानुदिन दयनीय बन्दै गएको छ ।

चालु आ.व.को ७ महिनामा आयात ४२.७८ प्रतिशतले बढेर ११ खर्ब ४७ अर्ब ४६ करोड ४४ लाख ३६ हजार पुगेको छ । अघिल्लो वर्ष सोही अवधीमा ८ खर्ब ३६ अर्ब ४३ करोड १९ लाख २ हजार रूपियाँको आयात भएको थियो ।

चालु आ.व.को ७ महिनामा व्यापारघाटा ३८.४५ प्रतिशतले बढेर १० खर्ब १५ अर्ब ८० करोड ८४ लाख २५ हजार पुगेको छ । गत वर्ष यही अवधीमा व्यापारघाटा ७ खर्ब ३३ अर्ब थियो ।

परनिर्भरता दर यसरी तीव्र रूपमा बढ्दै जाँदा आगामी दिनमा देशको अर्थतन्त्र कस्तो अवस्थामा पुग्ने, राज्यलाई यसको किञ्चित चिंता छैन । ०४६ सालपछि प्रजातान्त्रिक सरकारले उदार अर्थतन्त्रको अवधारणा ल्याएपनि सो अनुसार न दलहरू आफ्नो आचरण सुधार्न सक्यो, न भ्रष्ट सरकारी संयन्त्रलाई बदल्न सक्यो । पंचायती व्यवस्थामा डराएर काम गर्नु पर्ने सरकारी कर्मचारीलाई प्रजातन्त्र वरदान साबित भयो । लामो समयदेखि संघर्षमा जीवन बिताउने राजनीतिकर्मीहरूले देश विकासमा कम आफ्नो जीवनस्तर सुधार्ने तर्फ केन्द्रित भए । यसमा निर्वाध सहयोग पुऱ्याउने सरकारी संयन्त्रको ठूलो योगदान रह्यो । यसरी मौसमी र स्थायी सरकार दुबै मिलेर भ्रष्टाचारको ठूलो साम्राज्य खडा गऱ्यो । ३२ वर्षदेखि यही विधी र प्रक्रियाले आर्थिक अनियमितताको तलदेखि माथिसम्म ठूलो सञ्जाल तयार भयो । यसलाई संचालन गर्ने ठूला माफियाहरू जन्मे । जितेर आउने जन प्रतिनिधीहरू आफ्नो स्वार्थ पूरा गर्न यसका दास गुलाम बने । संस्थागत भ्रष्टाचारले राजकीय साधन स्रोतमाथि कब्जा जमायो र यसलाई देश विकासको सट्टा निजी स्वार्थमा उपयोग गरेका कारण नेपालका हरेक क्षेत्र शून्य परिणाममा गएको छ ।

भ्रष्ट संयन्त्रका लागि वैज्ञानिक कृषि प्रणालीको योजना, कार्यान्वयन तथा अनुगमनले कुनै अर्थ राख्दैन । यहाँ राम्राभन्दा हाम्रालाई पोस्ने चलनमा कुनै पनि योजना परिणाममुखी नहुने कुरा अहिलेसम्मका विकास तथ्याँकले देखाई सकेको छ । संकटग्रस्त आर्थिक क्षेत्रमा सुधार ल्याउन प्रशासकीय नेतृत्वमा आमूल परिवर्तन आवश्यक छ । संस्थागत भ्रष्टाचारको अभेद्य दुर्गलाई भत्काएर माफियाहरूको कब्जाबाट राज्यसत्तालाई मुक्त गर्न अपरिहार्य देखिन्छ । राजनीतिमाथि कब्जा जमाएर बस्ने राजनीतिकर्मीहरूको सर्वाधिकार अन्त गर्न खर्चरहित निष्पक्ष चुनाव प्रणालीको व्यवस्था हुनु पऱ्यो । होइन भने राष्ट्रिय योजना आयोगले योजनालाई श्रेणीबद्ध गर्ने नयाँ कार्यक्रम ल्याउनुको कुनै अर्थ छैन । संकटगस्त अर्थतन्त्रको बहस चलाएर बेरोजगार आफ्ना कार्यकर्तालाई त्यसबारेको समस्या अध्ययन तथा समाधानका उपाय खोज्न समितिहरू बनाएर जागिरमा भर्ना गर्ने प्रवृति अझै नलादियोस् ।

# युवाहरूको बौद्धिकता कमजोर भइरहेको छ




जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपाली युवाहरुको बौद्धिकता कमजोर हुदैं गइरहेको बताएका छन् ।

शनिबार समाजवादी युवा संघ केन्द्रिय समितिद्धारा आयोजित प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले पछिल्ला समय नेपाली युवाहरुको बौद्धिकता कमजोर हुदैं गइरहेको बताएका हुन् ।

अध्यक्ष यादवले पछिल्लो समय उदयमान भएको राजनीति पार्टीको कमजोर  बिचार, सिद्धान्त र राजनीति संस्कारका कारण पनि यस्तो हुन् गएको बताए ।

नयाँ पुस्ता राजनीतिमा आउनु सकारात्मक कुरा भएपाी राजनीति रुपमा उनीहरु कमजोर रहेका छन्, नयाँ दलमा अधिकांश युवाहरुमा राजनीति संस्कार, बिचार र सिद्धान्तको कमी रहेको छ । उनले भने । पहिला समयमा युवा एउटा बिचारधाराहप्रष्ट हुन्थ्यो, पछिल्लो समय यस्तो नभएको भन्दौ दुखेसो पोखे ।

पछिल्लो समयका युवाहरु अपवाह “रियूर्म्स”को पछाडि बढी लाग्ने गरेको भन्दैं चिन्ता व्यक्त गरेका छन् । उनले अबको आधुनिक राजीनितक अध्ययन बिना फिका हुने भन्दैं युवाहरुलाई बढी भन्दा बढी अध्ययन गर्न सुझाए ।

त्यस्तै, उदघाटन सत्रलाई सम्बोधन गर्दै मधेश प्रदेश सरकार आन्तरिक, सञ्चार तथा कानुन मन्त्रालयका पुर्व मन्त्री ज्ञानेन्द्र यादवले अबको समयमा बौद्धिक प्रशिक्षणले मात्रै संघीय गणतान्त्रिक लोकतन्त्रलाई संस्थागत गर्न सक्ने भन्दौ औल्याए । उनले पछिल्लो समय संघीय लोकतान्त्रिक गणतन्त्र बिरोधमा विभिन्न षडयन्त्रहरु सुरु भएको भन्दैं युवाहरु सचेत हुने अवस्था आएको समेत बताए ।

“संघीयतालाई समाप्त गर्न केहि अनावश्यक तत्व सक्रिय भएको र त्यसलाई बौद्धिक तवरबाट प्रशिक्षित भएर मात्रै चिर्न सकिन्छ, नत्र संघीयता धरापमा पर्न सक्ने स्थिीति आउन् सक्छ ।” उनले भने संघीय लोकतान्त्रिक गणतन्त्रमा स्थापना गर्न युवा खुलेर सक्रिय रुपमा लाग्नु पर्ने आवश्यकता भएको बताएका हुन् ।

त्यस्तै, मधेश प्रदेश सरकारका उर्जा, सिचाँई तथा खानेपानी मन्त्री सिहांसन सा कलवारले युवाहरुमा अध्ययनमा रुचि घट्दै गएको भन्दैं चिन्ता व्यक्त गरेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै उनले पछिल्लो समय मुलुकमा आएको नाकारात्मक राजनीतिक ट्रेन्डका कारण युवाहरुले अध्ययनमा रुचि नदेखाएको बताए । मधेशका युवामा क्षमता हुदाँ हुदैं पनि अफवाह तर्फ लागेको र आफ्नो बौद्धिकता प्रयोग गर्न नसकेको भन्दैं दुखेसो गरेका हुन् । मन्त्री कलवारले मधेशका युवामा बौद्धिक सक्रियता घट्नाले सामाज पनि सहि गलत छुट्याउने नसक्ने भएको तर्क गरे ।

“मुलुकमा आएको नाकारात्मक राजनीतिक ट्रेन्डका कारण अध्ययनमा क्षेत्र छोडेको छ, जसकारण नेपाली समाजले सहि र गलत छुटयाउन् सकिरहेको छैन् ।” उनले भने शिक्षित युवा राजनीतिकर्मी भए मात्रै देश र समाजले उच्च स्तरको बौद्धिकता पाउन् सक्ने बताए । कार्यक्रम सफलताको कामना गर्दै उनले यस्ता किसिमको प्रशिक्षणले युवाहरुमा प्रशसानिक र ऐतिहासिक कुराहरु अझै परिस्कृत भएर आउने बताए । यहाँबाट प्रशिक्षित भएर गएर संघीयताको बारेमा अझै जनतालाई सचेत गराउने कार्यमा लाग्न आग्रह समेत गरे ।

जसपा मधेश प्रदेशका नवनियुक्त अध्यक्ष बालकिशोर यादवले युवाको व्यक्तिगत, राजनीतिक र संगठनिक जिवनमा निखारता ल्याउने बताए । पार्टीको विचार, नीति र सिद्धान्तको बारेमा जानकारी पाएपछि समुदायमा लिएर जान सहज हुने बताए । उनले युवालाई अनुशासित हुनु जरुरी रहेको बताउँदै पार्टीले लिएको लक्ष्य पाउन सफलता प्राप्त हुने विश्वास व्यक्त गरे । युवा संगठनको नेतृत्व गरेकाहरु राजनीतिक उचाइ पाएको बताउँदै उनले केही दिन देखि युवामा ह्रास आएको बताए । केही दिन यता देखि युवाहरुको सवालमा बाटो विराएको जस्तो महसुस भएको उनले टिप्पणी गरे । मधेश प्रदेश स्थापित गर्नकालागि पार्टीका युवाहरुको भूमिका महत्वपूर्ण रहेको बताउँदै उनले राजनीतिक परिवर्तन संगै आर्थिक, सामाजिक र राजनीतिक रुपान्तरण जरुरी रहेको बताए । उनले युवाहरुलाई सामाजिक परिवर्तन तिर लाग्नुपर्ने सुझाव समेत दिए । पार्टी, सिद्धान्त विरुद्ध वितृष्णा फैलाउने कार्य भइ रहेको दावी गर्दै उनले ती समस्यालाई समाधान युवाहरुले नै गर्न सक्ने भएकाले प्रशिक्षित हुनु जरुरी रहेको बताए । उनले प्रशिक्षित भए पछि त्यसलाई व्यवहारमा लागु गर्नुपर्ने सुझाव दिँदै बादविवाद र पार्टीको सिद्धान्त, पद्धति जनता समक्ष स्पष्ट रुपमा राख्न सकिएनौ भने यस प्रशिक्षणको औचित्य पनि रहेको बताए ।

कार्यक्रममा मधेश प्रदेशका पूर्व प्रदेशसभा सदस्य बिक्की यादवले युवाहरुमा देखिएको केही अभावहरु यस प्रशिक्षणवाट प्राप्त हुने बताए । उनले युवाहरु देश विदेशमा परिवर्तन ल्याए तर आर्थिक समृद्धिको बाटोमा कसरी हिड्न सकिन्छ त्यस तिर साकारात्मक रुपमा अगाडि बढ्नकालागि युवाहरुलाई आग्रह गरे । युवाहरुमा आत्मविश्वासको आवश्यकता रहेको बताउँदै अधिकार पाउने सवालमा युवाहरु बञ्चित हुनुको कारणनै हामी युवा संगठित नहुनु रहेको बताए । मधेश कमजोर भएर प्राप्त उपलव्धिलाई संस्थागत हुन नदिन विभिन्न विधेयकहरु ल्याएर षडयन्त्र गरिएको आरोप समेत लगाए । हामीमा सामाजिक दायित्व रहेको बताउँदै उनले तीन दिने प्रशिक्षणवाट सामाजिक उत्तरदायित्व पूरा हुने विश्वास व्यक्त गरे । युवा गलतको विरोध र सहीको समर्थन गर्न छाडे कुनै पनि अवस्थामा परिवर्तन हुन नसक्ने दावी गरे । युवाहरुलाई अनुशासनको नाममा दवाउने काम विगतमा अन्य पार्टीहरुमा देखिएको टिप्पणी गर्दै उनले आफ्नो ठाउँबाट विद्रोह गर्न सक्ने अधिकार जनता समाजवादी पार्टी भित्र रहेको बताए ।

शनिबारबाट सुरु भएको सो कार्यक्रममा फाल्गुन ८ गतेसम्म चल्ने छ । सो कार्यक्रममा जनता समाजवादी पार्टी(जसपा) नेपालका भातृसंगठन समाजवादी युवा संघका सातै प्रदेशका पदाधिकारीहरुको उपस्थित रहेको छ । तीन दिवसीय चल्ने सो कार्यक्रममा जसपा अध्यक्ष यादव मुख्य प्रशिक्षक रहेका छन् । भने सो प्रशिक्षणमा उनले राजीनित शास्त्र, समाजवाद शास्त्र, संघीयता, मधेश, मधेश आन्दोलन, विश्व राजनीति, राज्य संचालनका विधि प्रक्रिया, विश्व क्रान्ति लगायत विषयमा प्रशिक्षण दिने छन् । यसअधि जसपा अध्यक्ष यादवले जसपाका भातृसंस्थाहरु समाजवादी महिला संघ, प्रेस मञ्च नेपाल र मधेश प्रदेश समितिका पदाधिकारीहरुलाई प्रशिक्षित गरिसकेका छन् ।

# नागरिक पहिलो भन्ने सिद्धान्त अनुकूल कार्य गर्नुपर्ने : गृहमन्त्री श्रेष्ठ

बाँके । उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले संविधान र कानुनले व्यवस्था गरे बमोजिम आफ्ना कार्यहरूलाई निर्देशित गर्ने, संस्थागत एवम् व्यवसायिक समन्वय र सहकार्यलाई प्रवर्धन गर्ने, सामूहिक एवम् व्यक्तिगत जवाफदेहिताको संस्कृति निर्माण गरी नागरिक पहिलो भन्ने सिद्धान्त अनुकूल कार्य गर्नुपर्ने बताएका छन् ।

नेपाल सरकार गृह मन्त्रालय र लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालयको संयुक्त आयोजनमा विद्यमान सुरक्षा अवस्था, समस्या तथा चुनौति र आगामी कार्यभार लगायतका विषयमा बिहीबारदेखि नेपालगंजमा सुरू भएको लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठी, २०८० को उद्घाटन गर्दै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन् ।

गृहमन्त्री श्रेष्ठले संघीय व्यवस्थाको कार्यान्वयन सँगै नयाँ नयाँ अवसर तथा चुनौतीहरू देखा परेको उल्लेख गर्दै नीति, कार्यक्रम, आन्तरिक क्षमता समेत सोही अनुरूप निरन्तर समायोजन गर्दै जानुपर्ने आवश्यक रहेको बताए ।

तहगत सरकारका निकायहरू बीचको समन्वय बढाउँदै स्थानीय प्रशासन थप प्रभावकारी बनाउन यस प्रकारका अन्तरक्रियात्मक कार्याशाला गोष्ठीले विशेष महत्व राख्ने उनले



विश्वास व्यक्त गरे ।

नेपाल सरकारले लिएको “सुशासन, सामाजिक न्याय र समृद्धि” को लक्ष्य हासिल गर्न स्थानीय प्रशासन र सुरक्षा संयन्त्रको प्रभावकारी परिचालन महत्वपूर्ण आधार भएको चर्चा गर्दै मुलुकको आर्थिक सम्वृद्धिको लागि वातावरण निर्माण गर्ने र ऐतिहासिक परिवर्तनले ल्याएका लाभहरू जनताले उपभोग गर्ने वातावरण निर्माण गर्न तथा व्यवस्थाप्रति जनताको भरोसा अझ उचो बनाउन सुरक्षा र विकासलाई सँगसँगै लैजानुपर्ने आवश्यक रहेको बताए । सुशासन, स्थिरता र विकासका लागि मन्त्रालयले प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा निरन्तर कार्य गरिरहेको समेत उनले बताए ।

गृहमन्त्री श्रेष्ठले लागू औषध दुरुपयोग नियन्त्रण, प्राकृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण साना हातहतियारको अवैध ओसारपसार नियन्त्रण गैर व्यावसायिक कृयाकलापको नियन्त्रण गरी उपभोक्ता र सर्वसाधारणको हित संरक्षण समेत उत्तिकै महत्वपूर्ण विषय भएकोले यो क्षेत्रहरूमा समेत योजनावद्व रुपमा कार्ययोजना बनाई कार्य गर्न आग्रह गरे ।

लुम्बिनी प्रदेशस्तरिय सुरक्षा गोष्ठीबाट यस प्रदेशको विषयमा केन्द्रित भई राष्ट्रियस्तरमा समेत शान्ति, सुशासन र स्थिरताको लागि उपयोगी हुने सुझाव, रणनीति र कार्ययोजना निर्माण हुने विश्वास उनले व्यक्त गरे ।

गृह सचिव दिनेश भट्टराई, लुम्बिनी प्रदेश सरकार र गृह मन्त्रालयका मन्त्री सन्तोष कुमार पाण्डेयले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालयका सचिव लालबाबु कवारीले स्वागत मन्तव्य तथा गोष्ठीको उदेश्य सम्बन्धी जानकारी दिएका थिए ।

गोष्ठीमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धानका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक, लुम्बिनी प्रदेश अन्तर्गत विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू एवम् प्रदेश अन्तर्गत प्रहरी कार्यालयका प्रमुखहरूको सहभागिता रहेको छ । दुई दिवसीय उक्त गोष्ठी शुक्रबार सम्पन्न हुनेछ ।

# संघीयतालाई सुनियोजित तरिकाले बदनाम गर्न खोजिँदैछ

**यो व्यवस्था विकल्प खोज्ने अहिले बेला नै भएको छैन । एउटा सुनियोजित तरिकाले संघीयतालाई बदनाम गरिँदैछ । संघीयतामा अब मधेशी, जनजाति, महिला, थारु, मुस्लिम लगायतका उत्पीडित र उपेक्षित समुदायले अधिकार पाउने भयो । मधेश एउटा उर्बर भूमि हो र जनसंख्याको हिसावले पनि ठूलो तप्काको बसोबास छ । शासकवर्गको जुन पहिलाको मनोवृत्ति थियो कि 'डिभाइड एण्ड रुल' त्यसैलाई निरन्तरता दिइरहेका छन् ।**



**डा.जेपी यादव**

**केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल**

**० संघीय लोकतान्त्रिक गणतन्त्रका विरुद्धमा आवाज उठ्न थालेका छन्, यसलाई कसरी हेर्नुभएको छ ?**

– अहिले मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र हो । यो स्थापनाका लागि सयौं मधेशी, मुस्लिम, महिला, दलितले सहादत दिएका छन् । यहाँ संघीयता कसलाई चाहिन्छ भन्ने कुरा मूल हो । संघीयता र समानुपातिक समावेशिता आवश्यकता भनेको मधेशी, जनजाति, मुस्लिम, महिलालगायत उत्पीडितमा परेका समुदायका लागि हो । संघीयता यस्तो व्यवस्था हो जसमा उपेक्षित समुदायले अधिकार पाउने हो । संघीयता खास गरेर मधेश र जनजातिहरुको बलिदानीबाट आएको हो । संघीयतालाई समाप्त पार्न एउटा नश्लीय चिन्तन बोकेका केही समूह लागेका छन् । त्यो नश्लीय समूहले यहाँका राज्यसत्ता चलाइरहेका छन् । मधेशीले यो देशमा पहिचान पाएको अवस्था छ । मधेशमा ठूलो आन्दोलन भयो । स्वायत्त मधेश प्रदेशको अवधारणाले मधेशमा आन्दोलन अगाडि बढ्यो । त्यसरी राज्यले विभिन्न बुँदे सम्झौताहरु पनि गऱ्यो । संविधान निर्माणका बेला राज्य पुनर्संरचना आयोगले पनि मधेशमा दुई प्रदेशको प्रतिवेदन दिएको थियो । हाम्रो त्यो लडाइ अझै पनि अधुरो र अपूरो छ । हामी आन्दोलनमै छौं । अहिले पनि राज्यका अंगहरुमा समानुपातिक समावेशिता भइरहेको छैन । अहिले एक सयमा एक जनालाई समावेश गरेर समावेशिता देखाउन खोजिएको छ । हालैका विभिन्न नियुक्तिहरुलाई हेर्दा मधेशी, जनजातिको अनुहार देखिँदैन । त्यो किन देखिँदैन भने संघीयता समाप्त पार्ने षड्यन्त्र हो । प्रतिनिधिसभामा अहिले पनि जसले सदियौंदेखि शासन गर्दै आएका छन्, तिनीहरुकै बोलवाला छ । जुनबेला हामीले समानुपातिक समावेशी, संघीयताको कुरा उठायौं, त्यो बेला यही देशमा हामीलाई राष्ट्रघाती भनिएको थियो । मधेश आन्दोलनपश्चात् जब यो मुलुकमा आरक्षणको व्यवस्था भयो, तब मधेशी मूलका महिलाभन्दा गैरमधेशी मूलका महिलाहरुले बढी अवसर पाएका छन् । अहिले यो देशमा ९ जना सचिव छन्, तर एउटा पनि मधेशी, जनजातिका छैनन् । हामीले भनेअनुसारको संघीयता अहिले भएकै छैन । मधेशमा दुई प्रदेश हुनुपर्छ भन्ने हाम्रो बटमलाइन थियो । तर त्यो पनि गरिएन, मधेशलाई ६ टुक्रामा विभाजन गरियो । नागरिकताका लागि अहिलेसम्म मान्छे लडिरहेका छन् ।

**० यो व्यवस्थाप्रति जनताको वितृष्णा फैलिँदैछ, संघीयता अब समाप्तितिर जाँदैछ त ?**

– दुई/चार जनाले भनेर यो व्यवस्था समाप्त हुनेवाला छैन । यो व्यवस्था ल्याउनका लागि सयौंले सहादत दिनुपऱ्यौं, हजारौंहजार अहिले पनि मधेशमा अंगभंग अवस्थामा छन् । कसैले भनिदिँदैमा, सुनियोजित तरिकाले प्रचार गर्दैमा यो देशबाट संघीयता जाँदैन । संघीयता र समानुपातिक समावेशिताको लडाइँ अहिले पनि अपुरो र अधुरो छ । मधेश, जनजाति अहिले पनि आन्दोलित छ । अहिले संघीयतालाई संस्थागत गर्नुपर्ने बेला छ । समानुपातिक समावेशितालाई अझ परिष्कृत गर्नुपर्ने बेला छ । तर, जसरी सुनियोजित तरिकाले संघीयतालाई समाप्त पर्ने जुन खेल भइरहेका छन्, त्यो खेल सफल हुने सम्भव छैन । कसैको आशिर्वादले यो देशमा संघीयता आएको होइन । मधेशी, जनजाति, थारु, मुस्लिम, महिलाहरुको सहादतबाट संघीयता यो देशमा आएको हो । अहिले पनि हामीले भनिरहेका छौं कि संविधान संशोधनको आवश्यकता छ । संविधान संशोधन गरिएन भने मधेश अहिले पनि आन्दोलित छ ।

**० तपाईँहरु सरकारमा पनि बस्ने र आन्दोलनमा छौं भन्ने ?**

– सडक, सदन र सरकार तीनै ठाउँबाट हामी अहिले पनि आन्दोलनमा छौं । मधेशी, जनजाति, मुस्लिम, थारु, महिलाको मुद्दा हामी अहिले पनि छोडेका छैनौं ।

**० तपाईँहरु जहिले पनि सरकारमा बस्नुहुन्छ र मधेशका मुद्दालाई एउटा बार्गेनिË प्वाइन्ट मात्रै बनाउँदै आएको आरोप छ नि ?**

– यो देशमा मधेश आन्दोलन भयो पहिचान र समानुपातिक समावेशिताका लागि । अहिलेको सात वटा प्रदेशमा एउटा मात्रै मधेश प्रदेश हो जुन पहिचानमा आधारित रहेको छ । कोशी प्रदेशमा अहिले पनि पहिचानको आधारमा नामाकरणका लागि आन्दोलन भइरहेको छ । यो देशमा संघीयता कसलाई चाहिएको छ भन्दाखेरि मधेशी र जनजातिलाई चाहिएको छ । जबसम्म नश्लीय चिन्तनबाट माथि उठ्दैन भने संघीयतालाई बदनाम गर्ने खेलहरु भइरहन्छन् । संघीयता भनेको त्यसमा सबैले अपनत्व महसुस गर्ने र सबैको अनुहार देखिनु हो । ६ वटा प्रदेशको नामाकरण किन पहिचानको आधारमा गरिएन ?

**० पहिचानको आधारमा प्रदेशको नाम मात्रै राखेर हुन्छ त ? मधेश प्रदेश त नामाकरण गरियो तर, त्यहाँ विकास र समृद्धि हुन सकेको छैन नि ?**

– यही देशमा मधेशी भनेर हेप्ने गरिन्थ्यो । तर आज हामी गर्वले मधेशी भन्न पाएका छौं । मधेशीले आज पहिचान पाएको अवस्था छ । त्यसै कारण मधेश प्रदेश नामाकरण भयो । मधेशमा केही भएको छैन भनेर प्रचार गरिन्छ । मधेशलाई बदनाम गर्न षड्यन्त्रहरु भएका छन् । मधेश प्रदेशमा अहिले विश्वविद्यालय, कृषि विश्वविद्यालय लगायतका विभिन्न उपलब्धिहरु भएका छन् । अहिले पनि कर्मचारीतन्त्रमा पञ्चायती व्यवस्थाकै सोच र चिन्तन देखिन्छ । प्रदेशहरुमा यहींबाट कर्मचारीहरु पठाउँछन् । जबसम्म कर्मचारीतन्त्रमा पञ्चायती व्यवस्थाको झझल्को हट्दैन, तबसम्म प्रदेशले राम्रोसँग काम गर्न सक्दैन ।

**० यो व्यवस्थाको विकल्प खोज्न थालिएको छ। यसको भविष्य कति देख्नुहुन्छ ?**

– यो व्यवस्था विकल्प खोज्ने अहिले बेला नै भएको छैन । एउटा सुनियोजित तरिकाले संघीयतालाई बदनाम गरिँदैछ । संघीयतामा अब मधेशी, जनजाति, महिला, थारु, मुस्लिम लगायतका उत्पीडित र उपेक्षित समुदायले अधिकार पाउने भयो । मधेश एउटा उर्बर भूमि हो र जनसंख्याको हिसावले पनि ठूलो तप्काको बसोबास छ । शासकवर्गको जुन पहिलाको मनोवृत्ति थियो कि डिभाइड एण्ड रुल त्यसैलाई निरन्तरता दिइरहेका छन् । जसले गर्दा संघीयताप्र आमजनतामा भ्रम सिर्जना भइरहेको छ । राणाकाल, पञ्चायती व्यवस्था हुँदै अहिलेसम्म आउँदा मधेशीलाई गर्ने व्यवहारमा खासै फरक आएको छैन । मधेशको भूमिबाट कर असुल्ने, मधेशीलाई मतदाताको रुपमा मात्रै हेर्ने तर त्यहाँका जनतालाई अधिकार नदिने प्रपञ्च भइरहेको छ । संघीयतालाई यो देशमा बदनाम गरिँदैछ ।

**० तपाईँहरु निरन्तर शासन सत्तामा हुनुहुन्छ, संघीयतालाई कसले बदनाम गराउन खोज्दैछ ?**

– स्थायी सत्ता भनेको कर्मचारीतन्त्र हो । जबसम्म कर्मचारीतन्त्रको मनोविज्ञान परिवर्तन हुँदैन तबसम्म यो समस्या रहिरहन्छ । कर्मचारीतन्त्रको सोच, चिन्तन र कार्यशैलीमा परिवर्तन नभईकन संघीयतालाई संस्थागत गर्न सकिँदैन । सुनियोजित तरिकाले मधेश प्रदेशलाई बदनाम गरिँदैछ । एउटा मात्र डिजाइन भइरहेको छ कि संघीयता र समानुपातिक समावेशितालाई समाप्त पार्ने । तर, यति सजिलो तरिकाले दुईचार जनाले भन्दैमा संघीयता जाँदैन । संघीयता त्यतिकै आएको होइन वा कसैले दानमा दिएको पनि होइन । धेरै लामो संघर्ष र ठूलो बलिदानबाट संघीयता आएको हो । त्यो पनि अपुरो र अधुरो छ । संघीयतालाई संस्थागत गर्न संविधान संशोधनको आवाज उठिरहेको ठाउँमा संघीयता असफल भयो, संघीयता खराब हो भन्ने भ्रम सिर्जना गरिँदैछ । संघीयतामा अहिले जनताको घरदैलोमा सरकार पुगेको छ । दूरदराजका जनताले अधिकार पाएको अवस्था छ । प्रदेशलाई अहिले एउटा प्रशासनिक निकाय बनाइदिएको छ । प्रशासनिक निकाय त पहिला पनि थियो पाँच विकास क्षेत्रको नाउँमा । संघीयतालाई पाँच विकास क्षेत्रको मोडलमा लगेर संघीयता असफल भयो भनेर सुनियोजित तरिकाले बदनाम गर्न खोजिँदैछ । जो शासक थिए, उ अहिले पनि शासन गरिरहेका छन् । उपेक्षित र उत्पीडनमा परेका समुदायलाई नै संघीयता चाहिएको हो । सदियौंदेखि शासन गरेकालाई किन संघीयता चाहियो ? संघीयता हटे भने उनीहरुका लागि झन् राम्रो, उनीहरुलो आफ्नो शासनसत्ता जोगाउन पाउँछन् ।

**० मधेशका लागि खोलिएका मुख्यतः दुईवटा दल जसपा र जनमतबीच किन टकराव भइरहन्छ ?**

– जसपा भनेको मधेश आन्दोलनको रापतापबाट संघीयता, समानुपातिक समावेशिता मुद्दाको आधारमा स्थापित भएको पार्टी हो । अहिले पनि जसपासँग मुद्दा छ । जसपाले मधेश मुद्दासँग कहिल्यै पनि बेइमानी गरेन । तर, जनमत पार्टीको कुरा गर्ने हो भने त्यो दलसँग मुद्दा के छ ? जनमतले अलग देश बनाउने कुरा गरेको थियो नि । म पनि जनमतका नेता कार्यकर्तालाई राम्ररी चिन्दछु । स्टन्टबाजी गर्ने र मधेशमा खेल्न पाइन्छ भनेर जसपासँग निहुँ खोजिरहेको छ । मधेश आन्दोलन हुँदा त्यतिबेला संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा थियो । मधेशी मोर्चाको आह्वानमा मधेशमा लाखौंलाख जनता सडकमा आउँथ्यो । सयौंले सहादत दिए, अझै पनि हजारौंका संख्यामा मधेशीहरु घाइते छन् । त्यो बेला जनमत कहाँ थियो ? जनमतका नेताहरुले स्वतन्त्र मधेश देशको कुरा उठाएको थियो, किन छोड्यो ? पोलिटिकल स्टन्टबाजी गरेर चाँडै नेता बनिन्छ भनेर ?

**० जतिबेला तपाईँहरु समग्र मधेश स्वायत्त प्रदेशको लागि आन्दोलन गरिरहनुभएको थियो, त्यतिबेला नै डा.सीके राउतले स्वतन्त्र मधेश देशको अभियान चलाउनुभयो । भनेपछि मधेश छुट्टै देश बन्छ कि भन्ने आशंकाले अहिले मधेशलाई ६ प्रदेशमा विभाजित गरिएको हो कि ?**

– हामी सुरुदेखि संघीयताको पक्षधर थियौं, अलग देश बनाउने अभियानमा कहिल्यै थिएनौं । यो देशमा मधेशीको जनसंख्या आधाभन्दा बढी छ, सोहीअनुसार हामीले अधिकार पाउनुपर्छ । त्यो बेला पनि हामीले भन्यौं कि हामी अलगावको पक्षमा छैनौं, देश विखण्डनको पक्षमा छैनौं । देशभित्र रहेर हामी अधिकार र पहिचानको कुरा गर्छौं । त्यो बेला पनि हामी भन्यौं कि मधेशलाई कमजोर गराउने हिसावले जनमत पार्टीको जन्म भएको हो । हामीले उठाउँदै आएको संघीयता, समानुपातिक समावेशिता गैरकानूनी हो भनेर कसैले भन्न सकेका छैनन् । मधेश आन्दोलनमा कमजोर गर्न र चाँडै चर्चामा आइन्छ भन्ने उद्देश्यले जनमत पार्टी आयो । त्यो आज प्रमाणित भएको छ । यो देशमा मधेशी जनताले संघीयता, समानुपातिक समावेशी, पहिचान र अधिकारका लागि लडिरहेको अवस्था छ । तर, आन्दोलनलाई कमजोर गर्न देश अलग गर्नुपर्छ भन्ने नारा लगाइयो । सीके राउतको छुट्टै देशको मुद्दा कहाँ गयो ? अब जनता सचेत भइसकेको अवस्था हो । कुन पार्टी मधेशको मुद्दाप्रति समर्पित छ, कुन पार्टीले मधेशको मुद्दा बोकेर अहिलेसम्म हिंडिरहेको छ, त्यो छिनोफानो गर्ने बेला भएको छ ।

**० मधेश प्रदेशको सरकारमा जनमत पार्टी केही दिनसम्म बस्यो र पछि सरकारबाट बाहिरियो । जसपा नेतृत्वको सरकारले जनमत पार्टीका मन्त्रीहरुलाई काम नै गर्न दिएको भनेर जनमत पार्टीले आरोप लगाइरहेको छ नि ?**

– गठबन्धनको सरकार छ, त्यसमा जनमत पार्टीका पनि मन्त्रीहरु थिए । अब उहाँहरु गठबन्धन सरकारले कसरी काम गर्न दिएन ? उहाँहरु मुद्दाभन्दा फरक स्टन्टबाजी कसरी गर्न सकिन्छ, त्यसमा नै लागिरह्यो । एउटा मन्त्री जस्तो मान्छे निषेधित क्षेत्र तोड्न जाने, प्रहरी प्रशासनसँग धक्कामुक्की गर्ने, यो स्टन्टबाजी होइन ? जनमतका अध्यक्ष सीके राउत दिनरात सुट र टाईमा घुम्नु हुन्छ, अनि एक धोति लगाएर निषेधित क्षेत्र तोड्न जाँदा प्रहरीले हस्तक्षेप गर्दा अन्याय भयो भन्ने ? यो सस्तो लोकप्रियता बाहेक अरु केही पनि होइन । यस्ता गतिविधिले मधेशलाई कमजोर गरिरहेको छ । शासकवर्गको जुन डिभाइड एण्ड रुल छ, त्यसमा खेल्न पाएको छ । त्यसकारण हामी हेरिरहेका छौं कि जनमतले मधेशको मुद्दालाई मजबुत होइन, कमजोर पार्ने षड्यन्त्रमा लागेको छ ।

**० जसपाले आफ्नो महाधिवेशनको मिति तोकिसकेको छ । यो महाधिवेशन औपचारिकता मात्र हो कि यसमा नेतृत्व पनि परिवर्तन हुन्छ ?**

– लोकतान्त्रिक पद्धतिमा पार्टीलाई जीवन्त बनाउन महाधिवेशन हुनुपर्छ । अहिले हामी सदस्यता वितरणको अभियानमा छौं । हाम्रो केन्द्रीय समितिले आगामी वर्षको जेठ २८, २९ र ३० गते धनुषामा महाधिवेशन गर्ने भनेर निर्णय गरिसकेको छ । यो महाधिवेशन औपचारिकतामा मात्रै सीमित हुँदैन । महाधिवेशनलाई नेता कार्यकर्ताले महापर्वको रुपमा लिएका छन् । महाधिवेशनलाई सभ्य र भव्यरुपमा सफल बनाउन हामी जुटिसकेका छौं ।

# आरोपित माथि कार्यवाही गर्न माग गर्दै प्रदर्शन

राकेश यादव, रौतहट । चक्कू प्रहार गरी हत्या गरेको आरोपित माथि प्रहरीले कार्यवाही नगरेको भन्दै पीडित परिवारले शुक्रबार जिल्ला प्रहरी कार्यालय रौतहटको मुख्य गेट अगाडि धर्ना दिएर प्रदर्शन गरेको छ ।

स्थानीय राजदेवी नगरपालिका वडा नम्बर ६ राजदेवी निवासी मृतक राहुल कुमार साहका परिवार तथा समर्थकले आरोपित थप २ जना माथि मुद्दा चलाउनु पर्ने माग राख्दै प्रदर्शन गरेको हो ।




गएको कार्तिक २४ गतेका दिन राजदेवी नगरपालिका वडा नम्बर ७ मुडवालबामा संचालित नेमधारी बासुदेव नमूना माध्यमिक विद्यालयमा आयोजना गरिएको शुभकामना तथा सांस्कृतिक कार्यक्रम हेर्न गएका राहुल कुमार साहलाई विद्यालय प्रांगणभन्दा बाहिर पूर्व तर्फ रहेको शिव मन्दिर नजिक राजदेवी नगरपालिका ६ निवासी राहुल कुमार गुप्ता र अनीश कुमार गुप्ताले धारिलो चक्कू प्रहार गरेका थिए ।

छातीमा चक्कू प्रहार गर्ने राहुल गुप्तालाइ घाइते भएका राहुल साहले समातेर विद्यालयमा ल्याएका थिए भने अनीश कुमार गुप्ता फरार भएका थिए ।

चक्कू प्रहारबाट गंभीर रुपमा घाइते भएका राहुल साहलाइ उपचारको लागि बीरगंज लैजादा उपचारको क्रममा कार्तिक २७ गते बिहान मृत्यु भएको मृतकका पिता नागेन्द्र साहले बताएका छन् ।

घटनामा संलग्न भएका राहुल गुप्ता, अनीश गुप्ता तथा योजनाकारको रुपमा मुकेश कुमार गुप्ता र विनोद भन्ने नरेश गुप्ता गरी ४ जना माथि किटाणी जाहेरी दरखास्त दिएकोमा प्रहरीले २ जनालाई छोडेर २ जना माथि मात्र मुद्दा चलाएको आरोप पीडितहरुको रहेको छ ।

घटनास्थलमा पक्राउ परेका राहुल गुप्ता रौतहट जिल्ला अदालतको आदेशमा अहिले पुर्पक्षको लागि जिल्ला कारगर कार्यालयमा रहेको छ भने अर्का आरोपित अनिश गुप्ता फरार रहेका छन् ।

मृतकका बुवा नागेन्द्र साहले छोराको हत्या गरेका अनीश गुप्तालाई प्रहरीले अहिलेसम्म पक्राउ किन गरेन भनि प्रहरी समक्ष प्रश्न गरेका छन् ।

छोराको उपचार भैरहेको अस्पतालमा पुगेका आरोपित मुकेश गुप्ता र हत्याको योजना बनाउने नरेश गुप्ता माथि पनि क़ानूनी कार्यवाही हुनुपर्ने माग गरेका छन् ।

मृतकको आमा गिरिजा देवीले छोराको हत्या गर्ने माथि क़ानूनी कार्यवाही गर्नु पर्ने माग गरेका छन् । छोराको शोकमा डुबेकी आमाले बाटोमा रुँदै हत्यारालाई प्रहरीले आर्थिक प्रलोभनमा परेर जोगाउन खोजेको आरोप लगाइन् । पढ्दै गरेको छोरालाई योजना बनाएर नै हत्या गरिएको दावी उनको रहेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले पीडित परिवारलाई भेटेर थप २ जना माथि अनुसन्धान गर्नको लागि माथिल्लो निकायबाट अनुमति लिने प्रयास गरिरहेको र अनुमति मिल्ने बित्तिकै क़ानूनी कार्यवाही गरिने आश्वासन दिएपछि प्रदर्शनमा आएकाहरु फर्केका छन् ।

# नेपाली उद्योगबाट विदेशी कामदारलाई हटाउन सरकारसँग प्रभु साहको माग

काठमाडौं। आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले नेपाली उद्योगमा नेपालीलाई नै रोजगार दिनुपर्ने बताउँदै विदेशी कामदारलाई हटाउँन सरकारसंग माग गरेका छन् ।

आजपा निकटको आम ट्रेड युनियन फेडरेसन नेपालको आज काठमाडौंमा आयोजित दोस्रो राष्ट्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले नेपाली उद्योगमा काम गर्ने पहिलो अधिकार नेपालीकै भएको बताए । नेपाली कामदार हुदाहुदै पनि उद्योगहरुले विदेशी कामदारलाई प्राथमिकता दिएको बताउँदै उनले विदेशी कामदारलाई हटाएर नेपाली कामदारलाई रोजगार दिनुपर्ने बताए ।

'नेपालको उद्योगमा काम गर्ने पहिलो अधिकारी नेपाली कामदारकै हो। नेपाली कामदारले नेपालको उद्योगधन्दामा काम गर्न पाउँनुपर्छ। तर यहाँ कतिपय उद्योगले विदेशी कामदारलाई प्राथमिकता दिने, विदेशी कामदारलाई रोजगार दिने तर नेपाली कामदारलाई रोजगार नदिने मनोमानी काम भईरहेको छ' आजपा अध्यक्ष साहले भने, 'नेपालको उद्योगमा नेपाली कामदारले नै पहिलो प्राथमिकता अनुसार काम पाउँनुका साथै सामाजिक सुरक्षा, न्यूनतम तलब कार्यान्वयन हुनुपर्छ।'

नेपालका उद्योगमा विदेशी कामदारले काम पाउँने तर नेपाली कामदारले रोजगार नपाउनु दुख रहेको बताउँदै उनले यस्तो अवस्थामा यहाँका ट्रेड युनियनका ठेकेदारले किन आवाज उठाउँदैनन् ? सरकार किन यस बिषयमा मौन छ ? भन्ने प्रश्न समेत गरेका छन् ।

विदेशमा काम गरिरहेका नेपाली कामदारको हकअधिकार एवं सुरक्षाका लागि बैदेशिक रोजगार ऐन संशोधन गर्न आवश्यक रहेको अध्यक्ष साहले बताए । विदेशमा नेपाली कामदार लुटिएको अवस्था रहेको बताउँदै त्यसप्रति सरकार र ट्रेड युयिनयनका ठेकेदारहरु मौन बस्नु आपतीजनक बिषय भएको उनले बताए ।

'नेपाली युवाहरु विदेशमा काम गर्दा सुरक्षित छैनन्। नेपालबाट खाडीमुलुकमा काम गर्न जाँदा हटाकटा, स्वस्थ नै हुन्छन्। तर विदेशबाट कतिपयको शव नेपाल फर्किरहेको छ। तिनिहरुको सुरुक्षाका लागि यो सरकार किन मौन बस्छ ? किन केही बोल्दैन ?' सरकारसंग प्रश्न गर्दै साहले भने, 'नेपाली युवालाई नेपालमै रोजगार सृजना गरी रोजगार दिनुपर्छ। यहाँका उद्योगमा नेपालीलाई नै पहिलो प्राथमिकतामा राखी रोजगार दिनुपर्छ। तर सरकारको ध्यान याता जादैन्। नेपालमा रोजगार दिन नसक्ने सरकारले विदेशमा काम गर्न जाने युवाहरुको सुरक्षा गर्न सक्नुपर्छ।'

## मधेश अपडेट

### मधेशका मुख्यमन्त्रीले तेस्रो पटक पाए विश्वासको मत

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेश सभामा पेश गरेको विश्वासको मतसम्बन्धी प्रस्ताव बहुमतले पारित भएको छ । मधेश प्रदेश सभामा संविधानको धारा १८८ उपधारा २ बमोजिम मुख्यमन्त्री यादवले पेश गरेको आफूमाथिको विश्वासको मतको पक्षमा प्रदेश सभामा उपस्थित रहेका प्रदेश सभाका सदस्य मध्ये ६९ जनाले समर्थन जनाएका छन् । मतको विपक्ष अर्थात् मुख्यमन्त्रीका पक्षमा विश्वास नभएको भन्दै ३५ जनाले मत दिएको प्रदेश सभा सचिवालयले जनाएको छ । विश्वासको पक्षमा नेपाली काँग्रेसका २२ जना, जनता समाजवादी पार्टी नेपालका १८ जना, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका ८ जना, नेकपा माओवादी केन्द्रका ९ जना, नेकपा एकीकृत समाजवादी पार्टीका ७ जना, राप्रपा १ जना, संघीय समाजवादी पार्टीका १ जना, नागरिक उन्मुक्ति पार्टीका १ जना र १ जना स्वतन्त्रका प्रदेश सभाका सदस्यहरुले मत दिए । विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा नेकपा एमालेका सभामुख बाहेकका २२ जना र जनमत पार्टीका १३ जनाले मतदान गरेका छन् । मधेश प्रदेशमा मत विभाजन गर्दा प्रदेश सभामा १०४ जना सदस्य उपस्थित थिए । जनमत पार्टीले माघ ९ गते प्रदेश सरकारबाट बाहिरिँदै मुख्यमन्त्रीलाई दिएको विश्वासको मत फिर्ता लिएको थियो ।

### जसपाको मिथिला नगर समिति पुनर्गठन

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको मिथिला नगर समिति पुनर्गठन भएको छ । धनुषाको मिथिला नगरमा भएको भेलाले रामनाथ महतोको अध्यक्षता २१ सदस्यीय समिति पुनर्गठन गरिएको हो । समितिका उपाध्यक्षमा दुखनी देवी महतो, रामलाल महतो सचिवमा बच्चेलाल यादव र कोषाध्यक्षमा मनमाया तामाङ चयन भएका छन । कार्यक्रममा केन्द्रीय राजनीतिक समिती सदस्य महाजन यादवको प्रमुख आतिथ्यता रहेको थियो भने भेलामा राजनितीक समिति सदस्य उर्मिला साह, केन्द्रीय सदस्य प्रमिला सिंहलगायतको उपस्थिती रहेको थियो ।

### स्वतन्त्र सांसदसहित सयौं प्रभावशाली नेता जसपा नेपालमा प्रवेश

सप्तरी । सप्तरीको निर्वाचन क्षेत्र ४ (२) बाट प्रदेश सभा सदस्यमा निर्वाचित सांसद अनिरूद्ध प्रसादसिंह यादव शनिबार एक समारोहकाबीच जनता समााजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । बोदेवर्साइन नगरपालिकामा आयोजित बृहत् पार्टी प्रवेश कार्यक्रममा उनी जसपामा औपचारिक रुपमा प्रवेश गरेका हुन् । सांसद यादवसँगै सयौंको संख्यामा विभिन्न पार्टी परित्याग गरी नेताहरु जसपामा प्रवेश गरेका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव, राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले प्रदेश सभा सदस्य सिंहलाई गम्छा, माला र टिका लगाएर स्वागत गरेका छन् । पछिल्लो निर्वाचनमा जसपाबाट टिकट नपाएपछि उनी स्वतन्त्र उम्मेदवार भई ९ हजार ९ सय ८५ मत प्राप्त गरी प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । उनका निटतम प्रतिद्वन्द्वी जसपाका उम्मेदवार अभिषेक यादवले ७ हजार ९ सय २० मत प्राप्त गरेका थिए । योसँगै मधेश प्रदेश सभामा जसपा नेपालका प्रदेश सभा सदस्य सङ्ख्या १९ पुगेको छ । यस अघि महोत्तरी २ 'ख' बाट निर्वाचित स्वतन्त्र सांसद सुरिता साह र पर्सा ३ 'क' बाट निर्वाचित स्वतन्त्र सांसद प्रमोदकुमार जैसवाल जसपामा प्रवेश गरेका थिए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# अधिकारका लागि ६० लाख दलित एकजुट बन्नु पर्छः वक्ताहरू




काठमाडौं । समुदायले अझै पनि उत्पीडनको जाँतोबाट मुक्त हुन देशका सबै दलित एकजुट भएर निर्णायक लडाईको आवश्यकता भएको वक्ताहरुले धारणा राखेका छन् ।

शनिबार राजधानीको संवाद डबलीमा समता समाज नेपालले समाजवादी आन्दोलनमा दलित विमर्श बिषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले ६० लाखको विशाल बाहुल्यता भएको दलित समुदाय एक हुने सुत्र खोज्नुपर्नेसमेत बताए ।

नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेश संसदिय दलका सचेतक रणसिंह परियारले दलितले आफ्नो अधिकारको लागि एकजुट नहुँदा उत्पीडन खेप्नु परेको बताएका छन् । पार्टीका केन्द्रीय सदस्यसमेत रहेका परियारले जुनसुकै पार्टीमा रहेपनि दलित अधिकारको लागि एकीकृत भएर लड्नु पर्ने धारणा राखेका छन् । परियारले १३ सयभन्दा बढी दलितले वर्तमान परिवर्तनका खातिर जनयुद्धमा बलिदान गरेर ल्याएको आजको व्यबस्थामा पनि दलितहरुले कहाली लाग्दो उत्पीडन खेप्नु परेकोमा दु:ख व्यक्त गरे ।

पहिचानवादी नेता आङ्काजी शेर्पाले देशमा विशाल संख्यासहितको बाहुल्यता भएको दलित समुदाय एकजुट नभएका कारण अधिकारबाट च्यूत भएको जिकिर गरे । आदिवासी जनजाति महासंघका पूर्व महासचिबसमेत रहेका शेर्पाले अधिकार मागेर नभई बरु खोस्नु पर्ने बताउँदै भने,"लातका भूत बात से नहीमान्ता' भनेजस्तै जनयुद्धमा जस्तै सेना बनाएर लड्ने आँट गर्नुस् ।" नेपालमा जतिसुकै परिवर्तन आए पनि आदिवासी-जनजाति र दलितलाई हर्ष न विस्मात ! परिवर्तनको फलको भोकचलन तिनै बाहुनले गर्दै आए । शेर्पाले अगाडी भने ।

शेर्पाले देशका हरेक पार्टीमा दलितहरु भाग खानलाई बस्नु गलत भएको बताउँदै भने,"तपाईहरु काँग्रेस,माओवादी र एमालेका झोले भएर बसे कहिल्यै अधिकार पाउनु हुन्न, तपाईहरुले पनि पार्टी खोल्नुस ।"

पूर्व राजदूत डा.निर्मल विश्वकर्माले नेपालका कम्युनिस्टहरुले साम्यवादको नारा दिएर लडे पनि संघर्षपछि उनिहरु सामन्ति व्यवस्थाका पूजारी भएको आरोप लगाएका छन् । विश्वकर्माले संविधानमा समाजवाद उन्मुख भनिए पनि त्यतातिर भन्दा उल्टो तिर लागेको जिकीर गरे । कम्युनिस्टहरुले जसको जोत उसैको पोत भन्ने नारा दिएपनि झन उनिहरु सत्ता र शक्तिमा पुगेर नवसामन्त र जमिन्दार बन्ने गरेको आरोप लगाए ।

जनता समाजवादी पार्टीका पोलिटब्यूरो सदस्य चन्देश्वर पासवानले एकल ब्राह्मणवादी नेपाली समाजको रुपान्तरणको लागि चाँडै मधेशमा बिद्रोह हुने चेतावनी दिए ।

संयूक्त नागरिक पार्टीका अध्यक्ष दलमर्दन कामीले २००३ सालदेखि नेपाली कांग्रेस र ६ सालदेखि कम्युनिस्टको नाममा हिन्दु बर्णासन व्यवस्थाको कारण दलित उत्पीडनको जाँतोमा पिसिरहेको बताए । कम्युनिस्टहरु साम्यबादको ढ्वाङ फूकेर सामान्ति र दलाल व्यवस्थाका हिमायति भएको आरोप लगाए ।

समता समाज नेपालका अध्यक्ष गोपाल बहादुर बिकले मनुवादी जात व्यबस्थाको कारण दलित समुदाय सबैभन्दा बढी मारमा परेको बताए । बिकले २१औं शताब् धीमा जनावरको अधिकार रक्षाको कुराको कुरा उठिरहँदा दलितलाई त्यो भन्दा मुनिको ब्यवहार खेप्नु दुर्भाग्य भएको बताए ।

सो समाजका उपमहासचिव मनिस बर्देवाले समाजवाद उन्मुख संविधान बनाए पनि त्यसको कार्यान्वयनका लागि पुन: दलित बिद्रोहको आवश्यकता रहेको बताए । परिसंघ भारतका राष्ट्रिय सचिब अधिवक्ता सुनिल मेहरा भारतका भिमराव अम्बेटकर सम्पूर्ण दलित समुदायको लागि एक आदर्श पात्र भएको बताए ।

भारतको परिसंघ दिल्लीका महासचिव डा.ओम सुधाले हिन्दुवादी जातिय वर्णव्यबस्थाको कारण सम्पूर्ण दलितले चाहे भारत या चाहे नेपालमा ठूलो कष्ट भोग्नु परेको बतए ।

भारतको भिमसैनिक दलका अध्यक्ष चन्दन कुमार पासवान आफूहरुले भारत होस या नेपाल दुबै देशमा कथित उच र निच जातिय व्यबस्थाबाट उत्पीडित जनताको लागि आवाज उठाईरहेको बताउँदै भने,"देश होस् चाहे विदेश सबैतिरका दलित एक भएर लड्नुको विकल्प छैन ।"

श्रमीक जनता पार्टी अध्यक्ष दुर्गा बराईली जहिले पनि सत्ता र शक्तिमा ब्राह्मणहरु हावि हुने र दलितलाई झनै उत्पीडन् दिने भएकोले लडाई त्यतैतिर तेर्स्याउन जरुरी भएको बताए ।

तराई मधेश-महिला फाउण्डेसन नेपालकी अध्यक्ष सुनिता साहले हरेक दलित जागरुक बनेको खण्डमा वर्तमान उत्पीडनरुपी समाजको रुपरेखा बदल्न सकिने बताईन् ।

समता समाज नेपालका कार्यक्रम संयोजक प्रदिप घतालले दलितको योगदानबाट सत्तामा पुगेकाहरु मालिक बन्ने र पछि उनिहरुले वेवास्ता गर्ने भएकाले आफैले अधिकारको लागि लड्नुपर्ने धारणा राखे ।

## संक्षिप्त समाचार

### अबको समय विकास र समृद्धिको : ओली

कैलाली । पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अबको समय विकास, समृद्धिको भएको बताएका छन् । कैलालीस्थित बर्दगोरिया गाउँपालिका कार्यालयको नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गर्दै अध्यक्ष ओलीले यस्तो कुरा बताएका हुन् । उनले मुलुकले पूर्वाधार विकासका क्षेत्रमा फड्को मारेकाले अबको समय विकास र समृद्धिको भएको बताएका छन् । जनप्रतिनिधिहरू विकासका नेता बन्न सक्नुपर्ने बताउँदै उनले सरकारी सेवा प्रवाह छिटो छरितो, सहज र प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए ।

### गृहमन्त्री श्रेष्ठको पुतला दहन

जनकपुरधाम । हिन्दूहरुमाथि जिहादी आक्रमण भएको भन्दै राष्ट्रिय एकता अभियानले मधेश प्रदेशको राजधानी जनकपुरधाममा गृहमन्त्री नारायणकाजी श्रेष्ठको पुतला दहन गरेका छन् । बुधबार मधेश प्रदेशमा जिहादी आक्रमणको विरोध गर्दै जनकपुरधाममा प्रदर्शन गरेको हो । प्रदर्शनकारीहरूले जिहादी हमलाविरुद्ध कडा कारबाही एवम  हिन्दु समुदायको सुरक्षाको माग गर्दै आवश्यक कदम चाल्न सरकारसंग आग्रह गरेका छन् ।

### ५४ किलो गाँजा बरामद

मोरङ । विराटनगर महानगरपालिका-१९ काठेपुलबाट अवैध लागूऔषध गाँजा करिब ५४ किलो शुक्रबार राति प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी घिनाघाटबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको दुई वटा झोलामा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बाल्टीको पानीमा डुबेर बालिकाको मृत्यु

कैलाली । बाल्टीको पानीमा डुबेर एक बालिकाको मृत्यु भएको छ । टीकापुर नगरपालिका-१ शान्तिनगर बस्ने सृजना चौधरीको छोरी १ वर्षीया आरोही चौधरीको घरको नल्का नजिकै भरिएको बाल्टीको पानीमा डुबेर शनिबार दिउँसो मृत्यु भएको हो । सोही नगरपालिका-१ चमेलीपुर मामा घर आएकी अवस्थामा खेल्ने क्रममा डुबेर अशक्त भएकी उनको टीकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### १ सय १६ किलो गाँजासहित एक जना पक्राउ

सर्लाही । बागमती नगरपालिका-३ नयाँ बस्ती चोकबाट अवैध लागूऔषध गाँजा १ सय १६ किलोसहित एक जना पक्राउ परेका छन् । नवलपरासी पूर्व गैंडाकोट नगरपालिका-११ बस्ने ३० वर्षीय सुर्य परियारलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले बा.प्रदेश ०१-०२६ च ५१५९ नम्बरको कारलाई जाँच गर्ने क्रममा कारभित्र १० वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक परियारलाई पक्राउ गरेको हो ।

### कटुवा पेस्तोलसहित दुई जना पक्राउ

पर्सा । बहुदरमाई नगरपालिका-९ बाट कटुवा पेस्तोल १ थानसहित २ जनालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कालिकामाई गाउँपालिका-९ कटिबलुवा बस्ने ४४ वर्षीय दिपेन्द्र गिरी र पोखरिया नगरपालिका-९ बैरियाबिर्ता बस्ने ३७ वर्षीय शिवपुजन मुखिया रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले ना.१२ प ४९७१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पेस्तोलसहित पक्राउ गरेको हो ।

### आगलागीबाट साढे चार लाखको क्षति

सर्लाही । धनकौल गाउँपालिका-७ बैरिया स्थित चौरमा ऊखुको पराल लोड गरी राखिएको सोही ठाउँ बस्ने उमेश सहनीको प्र.२-०३-०१ त ५२४८ नम्बरको ट्याक्टरको ट्रली, अनटेस्ट लेखिएको ट्रली र सोही ठाउँ बस्ने मौजेलाल रायको ना.७ त ३८९३ नम्बरको ट्याक्टरको ट्रलीमा बुधबार राति आगलागी हुँदा ३ वटा ट्याक्टरको ट्रलीको भाग जलेर करिब ४ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

### ठक्करबाट साइकलयात्रीको मृत्यु

रूपन्देही । सिद्धार्थनगर नगरपालिका-१० शंकरपुरस्थित सडकमा हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट साइकलयात्री सोही नगरपालिका-४ सिद्धिविनायक खाद्य उद्योगमा काम गरी बस्ने भारत घर भएका ५५ वर्षीय चन्द्रदेव तिवारीको बुधबार बेलुकी मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार सवारी साधन र चालकको प्रहरीले खोजी गरिरहेको छ ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# निष्क्रिय अन्तर्राष्ट्रिय विमानस्थलले बढायो पोखरावासीको चिन्ता

पोखरा । नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान तत्काल सुचारु गर्न माग गर्दै एक सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत पोखरावासीले असन्तुष्टि जनाएका छन् । राष्ट्रिय एकता अभियान र स्वतन्त्र पत्रकार संघ कास्कीको संयुक्त आयोजनामा समपन्न उक्त कार्यक्रममा विमानस्थललाई पूर्ण क्षमताअनुरूप संचालन गर्न विभिन्न सरोकारवालाहरूले सरकारलाई आग्रह गरेका छन्।

राष्ट्रिय एकता अभियानका संयोजक विनय यादवले विमानस्थल निर्माणमा पोखरावासीको उल्लेख्य लगानी रहेको बताउँदै विमानस्थलको हालको अवस्थाप्रति निराशा व्यक्त गरे ।उनले बिमानस्थलको पुर्ण संचालन आजको आवश्यकता रहेको भन्दै सरोकारबालाहरूको ध्यानाकर्षण गराएका थिए।

सुनावाईमा प्रमुख वक्ताको रूप उद्योग वाणिज्य संघ का पूर्व केंद्रीय अध्यक्ष आनन्द राज मुल्मी, विश्लेषक युगनाथ शर्मा पौड़ेल, पर्यटन विशेषज्ञ वासुदेव त्रिपाठी, समाज सेवी कुमार राना, पत्रकार महासंघ कास्कीकी जिल्ला अध्यक्ष विमला भण्डारीलयाएतले आफ्नो मंतव्य राख्नुभएको थियो।




स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमले कार्यक्रममा विभिन्न आवाजहरू सुनिने र सरोकारहरूलाई प्रभावकारी रूपमा सम्प्रेषण गर्ने सुनिश्चित गर्दै कार्यक्रमको सञ्चालन गरेका थिए।

पोखरावासीहरूको सामूहिक सन्देश स्पष्ट थियो की अन्तर्राष्ट्रिय विमानस्थलको निष्क्रियता अस्वीकार्य हुनेछ र यसको सञ्चालनमा बाधा पुऱ्याउने तत्वहरूलाई सम्बोधन गर्न तत्काल कदम चाल्नु आवश्यक छ। जनवरी २०२३ मा विमानस्थलको औपचारिक उद्घाटन भए पनि अन्तर्राष्ट्रिय उडान नहुँदा बासिन्दाहरू निराश छन्। अर्को तर्फ विमानस्थल निर्माणको लागि लिइएको ऋणको बारेमा समेत स्थानीय मात्र नभई पूरा देश चिन्तित छ। तसर्थ, सो कार्यक्रमबाट राष्ट्रलाई परेको आर्थिक भार कम गर्दै चीनबाट लिइएको ऋणलाई अनुदानमा परिणत गर्न वक्ताहरूले सरकारलाई आग्रह गरे। त्यस्तै, एयरपोर्टको निर्माण प्रक्रियामा भ्रष्टाचार भएको आरोपहरूबारे समेत आवाज उठाउदै वक्ताहरूले पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न गहन छानबिनको समेत माग गरेका छन् ।


# सरोकारवालाहरूमा हार्दिक अपिल !!!

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबाट गाईभैंसीको दुध, खसीबोकाको मासु तथा च्याङ्गाको पश्मिना मुल्य श्रृङ्खलामा सहयोग पुग्ने उद्देश्यले ५ प्रदेशका २८ जिल्लामा पूरक अनुदानको सघन कार्यक्रम विगत २ बर्षदेखि सञ्चालनमा रहेको व्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा अवगत भएकै छ । आयोजनाद्वारा सञ्चालनमा रहेको पुरक अनुदान कार्यक्रमअन्तर्गत अनुदानग्राही समूह, सहकारी तथा व्यक्तिगत फर्महरुले आयोजनाले तोकेका उद्देश्य बमोजिम कार्य नगरेको, अनुदान रकमको अनुचित लाभ लिएको, सम्झौता बमोजिम कार्य नगरेको र अनुदान रकमको दुरूपयोग भएको अनुगमनको क्रममा पुष्टि भएमा उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८ बमोजिम अनुदान पाएको रकम सरकारी बाँकी सरह असुल गर्ने प्रावधान रहेको हुँदा यस आयोजनाबाट अनुदान पाएका अनुदानग्राही संस्थाहरुलाई पुन: स्मरण गराउन चाहन्छौं । साथै सम्पूर्ण सरोकारवालाहरुलाई यस आयोजनाबाट अनुदान वितरण गरिएका अनुदानग्राही संस्थाहरुको सूची आयोजनाको Website: www.nlsip.gov.np को प्रकाशन शीर्षकअन्तर्गत NLSIP बुलेटिन १ र बुलेटिन ३ मा रहेको जानकारी गराउँदै उक्त अनुदानग्राही संस्था वा व्यक्तिहरुले अनुदान रकम दूरुपयोग गरेको शंका लागेमा वा देखिएमा आयोजनाको गुनासो शाखा (सम्पर्क न. ९८४८७१४९९९, ९८५११५७५३१, ९८५१०५१०४५) मा जानकारी उपलब्ध गराइ सहयोग गरिदिनुहुन नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना आयोजना व्यवस्थापन कार्यालय हरिहरभवन ललितपुर हार्दिक अपिल गर्दछ। यस आयोजनामा अनुदानको रकम दुरुपयोग भएको जानकारी दिने व्यक्ति वा संस्थाको विवरण गोप्य रहने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**
हरिहरभवन, ललितपुर



# राजविराज नगरपालिका

## १४ नं. वडा कार्यालय

सप्तरी, मधेश प्रदेश

**वडागत योजना २०८०/८१**

| | | |
|---|---|---|
| १ | गाउँ फराकिलो पूरै वडा तथा भगवती मन्दिरदेखि पश्चिमको डग्गर नयाँ टोलसम्म बाटो मर्मत कार्य | ७,५०,०००।- |
| २ | शनि मन्दिरमा मुर्ति तथा टाइल्स र रोलिङ्गको कार्य | ५,००,०००।- |
| ३ | राम नारायण मण्डलको घरदेखि पश्चिम नारायण मण्डलको घरसम्म रहेको अधुरो कार्यमा ग्राभेल तथा आर.सि.सि. को कार्य | ७,००,०००।- |
| ४ | जंगबहादुर साहको घरदेखि दक्षिण पोखरीसम्म ग्राइभेल तथा आर.सि.सि. कार्य | ५,००,०००।- |
| ५ | वडा नं. १४ भित्र कृषि विद्युतीकरणको कार्य | ५,००,०००।- |
| ६ | शिवकुमार मण्डलको घरदेखि उत्तर चन्देश्वर मण्डलको घरसम्म ग्राभेल तथा आर.सि.सि. कार्य | २,००,०००।- |
| ७ | मुरली मण्डलको घरदेखि उत्तर चन्देश्वर मण्डलको घरसम्म ग्राभेल तथा आर.सि.सि. कार्य | २,००,०००।- |
| ८ | राम टोलमा डगरीन थान निर्माण कार्य | २,००,०००।- |
| ९ | वडा नं. १४ भित्र विगत २३ वर्षदेखि मनाउँदै आएको विवाह पञ्चमी महोत्सवको लागि | १,००,०००।- |
| १० | वडा नं. १४ भित्र खेलकुद कार्यको लागि | २,००,०००।- |
| ११ | वडा नं. १४ भित्र विभिन्न बाटो मर्मत सम्भार कार्यको लागि | २,५०,०००।- |
| १२ | **लक्षित वर्ग** | |
| | सिपमूलक कार्यक्रम | ४,००,०००।- |
| | महिला हिंसा सम्बन्धी कार्यक्रम | २,००,०००।- |
| | कृषि कार्यक्रम | २,००,०००।- |
| | किशोर किशोरी अभिमुखीकरण कार्यक्रम | २,००,०००।- |
| | **जम्मा** | ५१,००,०००।- |



# सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश



# सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



# सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बसबरीया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

# लघुवित्तको विकल्प छैन, बचाउन सबै लाग्नुपर्छ : सांसद चौधरी

काठमाडौं । लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधान गर्न सबै पक्ष जिम्मेवार भएर अगाडी बढ्नुपर्ने सांसद भगबती चौधरीले जोड दिएकी छन् । ग्रामिण अर्थतन्त्रलाई चलायमान बनाउने, महिलाहरुमा वित्तीय पहुँच पुर्याउने तथा स्वाबलम्बन र उद्यमशिलतालाई अंगिकार गर्ने लघुवित्तको विकल्प नभएको जिकीर गर्दै सांसद चौधरीले लघुवित्त क्षेत्रमा भित्रिएका विक्रितिको अन्त्य गर्दै जानुपर्नेमा जोड दिएकी हुन् ।



आइतबार चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको समापन समारोहमा बोल्दै लघुवित्तकर्मी समेत रहेकी चौधरीले अझैपनि ६० लाख जनता गरिबीको रेखामुनी रहेकोले उनीहरुको आर्थिक उत्थानका लागि लघुवित्त संस्थाहरुको योगदान महत्वपूर्ण रहने बताइन् । 'अझैपनि २०.२७ प्रतिशत अर्थात ६० लाखको हाराहारीमा गरिबीको रेखामुनी जनता रहेको देखिन्छ । अहिले लघुवित्तले ५९ लाख सदस्यहरुलाई सेवा दिइरहेको छ । उनीहरुको आर्थिक उत्थानका लागि पनि लघुवित्त कार्यक्रमको भूमिका रहनुपर्छ ।' लघुवित्त कार्यक्रमकै कारण दूरदराजमा रहेका महिलाहरु आर्थिक सवलीकरणमा जोडिएको भन्दै चौधरीले भनिन् ।

नेपालको लघुवित्त सम्बन्धी छुट्टै कानुन नहुँदा राष्ट्र बैंकले बैंक तथा वित्तीय संघ संस्थालाई हेर्ने बाफिया एक्ट अनुसार व्यवहार गर्दा लघुवित्त क्षेत्रमा समस्याहरु उत्पन्न भएको भन्दै चौधरीले लघुवित्तको अवधारणा अनुसार लघुवित्त चल्न नसकेको पनि जिकीर गरिन् । लघुवित्तको मूलमर्म अनुसार वित्तीय कारोबार सँगै सामाजिक कार्यहरुलाई अगाडी बढाउनु पर्नेमा बाफिया एक्टका कारण लघुवित्त संस्थाहरु बढी मुनाफामुखी हुँदा समस्या देखिएको भन्दै सांसद चौधरीले भनिन्,'गरिबीको रेखामुनी रहेकोहरुलाई सेवा दिनकोलागि लघुवित्त स्थापना गरिएको हो तर, बैंक तथा वित्तीय संस्था अन्तरगतको बाफिया एक्ट ल्याइयो । त्यसको आधारमा आउँदा लघुवित्त सञ्चालकहरुले सोसल क्रेडिटको काम, तालिमहरु गर्नुपर्नेमा बाफिया एक्ट आएपनि सामाजिक कार्यहरु छायाँमा परेर गए । सञ्चालकहरुले मुनाफा मुनाफा मुनाफा मात्रै खोजे त्यसले समस्या निम्त्यायो ।'

आफुले ११ वर्ष अगाडी नै राष्ट्र बैंकलाई हाम्रो जस्तो सानो मुलुकमा बढीमा २५ वटा लघुवित्त भएपुग्ने भन्दै धेरै लघुवित्त खोल्न नहुने सल्लाह दिएको भन्दै चौधरीले बढी लघुवित्त संस्थाहरु भएपछि एउटा लघुवित्तको कर्जा तिर्न अर्को लघुवित्तबाट कर्जा लिने कार्य भइरहेको बताइन् । 'इन्भेष्टरहरुको उद्देश्य हुन्छ मुनाफा, मुनाफा मुनाफा । यसले सोसल क्रेडिट, सोसल कार्यहरु, तालिम भ्रमणहरु हराए । अहिले इण्डष्ट्री नै धरासायी भएर जानुमा यही मुख्य कारण हो ।' सदस्यहरुले पनि जथाभावी कर्जा लिँदा र लघुवित्तकर्मीहरुले पनि कर्जाको विष्लेषण नगरी तार्गेट पुरा गर्न एउटैलाई १० वटासम्मले ऋण दिँदा समस्या निम्तिएको भन्दै चौधरीले गरिबीको रेखामुनी रहेका जनताको जीवनस्तर सुधार्न लघुवित्तहरुले उद्देश्य अनुसार काम गर्नुपर्नेमा जोड दिइन् । पछिल्लो समय लघुवित्त र बैंकहरुमाथि मणिराम ज्ञवाली र दुर्गा प्रसाईं जस्ताले पटकपटक आक्रमण गरिरहँदा राज्य टुलुटुलु हेरेर बसिरहेको चौधरीले उल्लेख गरिन् । 'मणिराम ज्ञवालीहरुको संघर्ष समितिले गाउँगाउँमा २ हजार ३ हजार उठाउँदै लघुवित्तहरुको ऋण तिर्नुपर्दैन भनिरहेका छन् । दुर्गा प्रसाईंहरुले २० लाख ऋण लिनेलाई ऋण तिर्नु पर्दैन भनेर भाषण गरिरहँदा सरकार टुलुटुलु हेरेर बसिरहेको छ । नियमन निकाय नेपाल सरकारले नियन्त्रण गर्दैपर्छ ।' चौधरीले भनिन् । साथै, उनले एकाध संस्था र व्यक्तिहरुले लघुवित्त र बैंकको उद्देश्य काम नगरेकोमा सबैलाई दोष दिएर समग्र क्षेत्रलाई नै सिध्याउने कार्य गर्नु गलत रहेको जिकीर गर्दै गलत गर्ने संस्था र व्यक्तिहरुलाई कारवाही हुनैपर्ने बताइन् ।

चौधरीले लघुवित्तकर्मीहरुलाई पनि सच्चिएर सदस्यहरुलाई बढी सेवा र सहयोग गर्नेमा जानुपर्नेमा जोड दिइन् । आफ्ना सदस्यहरुलाई बढीभन्दा बढी सेवा दिने, उनीहरुको व्यवसायलाई प्रवर्द्धन गर्ने, सीप भएकालाई प्रोत्साहन गर्ने कार्य गरे लघुवित्तको उद्देश्य पुरा हुने उनले बताइन् । नेपालको लघुवित्त क्षेत्रमा अध्ययन अनुसन्धानका कार्यहरु एकेडेमिक क्षेत्रबाट नभएको चौधरीले बताइन् । 'लघुवित्त क्षेत्रले गरेका राम्रा कामहरु, गरिबी न्यूनिकरणको काम, वित्तीय साक्षरताको काम, टीम विल्डिङको काम, नेतृत्व विकासको कामहरुका बारेमा एकेडेमिक क्षेत्रबाट, मिडियाको क्षेत्रबाट र प्राज्ञिक क्षेत्रबाट पनि अध्ययन गर्नुपर्छ । आफ्नै देशमा केही गरेर खानेहरुलाई प्रोत्साहन गर्न सबै लाग्नुपर्छ ।' नेपालको विकासमा खासगरी गरिबीको रेखामुनी रहेका समुदायको उत्थानमा लघुवित्त मार्फत धेरै काम गर्न सकिने भएकोले देखिएका समस्याहरुलाई समाधान गर्दै जानुपर्नेमा जोड दिइन् ।

# नेपालमा निर्वासनमा चिनियाँ पर्यटकको प्रभुत्व

काठमाडौं । सन् २०२३ मा ४५९ विदेशी नागरिकलाई नेपालबाट निष्कासन गरिएको थियो जुन सन् २०२२ मा ५७० विदेशी नागरिकलाई देश निकाला गरिएको भन्दा १११ कम हो।




पछिल्लो सात वर्षमा तीन हजार ५७७ विदेशी नागरिकलाई देश निकाला गरिएको छ । यो तथ्याङ्क संसदको राज्य मामिला तथा सुशासन समितिमा पेश गरिएको अध्यागमन विभागको गतिविधिसम्बन्धी प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रतिवेदनले सन् २०१७ मा ५५९, २०१८ मा ६७८, २०१९ मा ६७१, २०२० मा ३३२ र २०२१ मा ३०८ नेपालीलाई देश निकाला गरेको देखाएको छ ।

अध्यागमन विभागका अनुसार डिपोर्टीहरूमध्ये अधिकांश भिसा सकिएका पर्यटकहरू छन्।

विभागका सूचना अधिकारी तथा निर्देशक प्रेमप्रसाद दाहाल नेपाल प्रवेश गर्ने विदेशीले १५, ३० वा ९० दिनको पर्यटक भिसा लिनुपर्ने बताउँछन् । यो भिसा ६० दिनसम्म लम्ब्याउन सकिन्छ, पर्यटकलाई अधिकतम १५० दिनसम्म बस्न अनुमति दिइन्छ।

यद्यपि, यदि पर्यटकले अर्को भिसा प्राप्त नगरी १५० दिनको सीमा नाघ्यो भने, तिनीहरू निर्वासनको अधीनमा छन्।

सूचना अधिकारी दाहालले आफ्नो भिसाको म्याद सकिनुअघि पर्यटकले म्याद थप गर्न वा अध्ययन, काम, विवाह वा सम्बन्ध भिसामा परिणत गर्न सक्ने बताए ।

दाहालले नेपालमा १५० दिनसम्म चिनियाँ पर्यटकलाई भिसा शुल्क नलाग्ने बताए । यसका बाबजुद पनि केही चिनियाँ नागरिकलाई आफ्नो पर्यटक भिसाभन्दा बढी समय बसेको र अर्को भिसा प्रकारमा परिवर्तन गर्न नसक्दा देश निकाला गरिएको छ। 'निर्वासितमध्ये झण्डै ४७ प्रतिशत चिनियाँ र ८ प्रतिशत अमेरिकाबाट आउने पर्यटक छन्,' दाहालले भने ।




## जिल्ला समाचार

### गनवरिया-शान्तिनगर सडकको शिलान्यास

इमरान खान, कपिलवस्तु । जिल्लाको महराजगंज नगरपालिकाको गनवरिया-शान्तिनगर सडकखण्ड निर्माणका लागि शिलान्यास कार्य सम्पन्न भएको छ । ग्रामीण विकास तथा साना शहरी पूर्वाधार निर्माण कपिलवस्तुअन्तर्गत हुलाकी राजमार्गको गनवरिया चोकदेखि दक्षिण सेमरी हुँदै शिसवा, शान्ति नगरसम्मको सडक निर्माण कार्यको लुम्बिनी प्रदेस सरकारका मुख्यमन्त्री डिल्ली बहादुर चौधरीले शिलान्यास गरेका हुन् । कार्यक्रम महाराजगन्ज नगरपालिकाका नगरप्रमुख अब्दुल कलाम खांको अध्यक्षतामा सम्पन्न भएको हो । पूर्वराज्य मन्त्री एवं कांग्रेस नेतृ रिना नेपालको पहलमा सडक निर्माण योजना अघि बढेपनि बाँकी बचेको कुशहवा बढ्नी बार्डरसम्मको बाटोलाई समेत समेटेर बजेट बिनियोजन गरिदिन लुम्बिनी प्रदेश सरकारलाई उपस्थित जनप्रतिनिधिले मन्चबाटै अनुरोध गरेका थिए । लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीराम चौधरीले कपिलवस्तु जिल्लाको सांस्कृतिक, औद्योगिक एवं सशक्त सामाजिक रुपान्तरणमा आफू कटिबद्ध रहेको बताए । कपिलवस्तु नगरपालिकाका लोकप्रिय मेयर सुदिप पौडेल र बुद्धभूमि नगरपालिकाका प्रमुख केशव कुमार श्रेष्ठ लगायत विभिन्न जनप्रतिनिधि र एवं राजनीतिक दलका प्रमुख तथा शहरी विकास मन्त्रालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

### नि:शुल्क स्वास्थ्य शिविर

रौतहट । सामाजिक उत्तरदायित्व अन्तरगत फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ । फरवार्ड माइक्रोफाइनान्सले रौतहट जिल्लाको कटहरियामा आँखा, कान र दाँत सम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो । शिविरमा ३०० जना बिरामीको आँखा, कान र दाँतको स्वास्थ्य जाँच भएको थियो । नि:शुल्क स्वास्थ्य शिविरमा नि:शुल्क औषधी समेत बितरण गरिएको थियो भने, अस्पतालमा थप उपचार र शल्यक्रियामा पनि बिशेष छुट दिइने भनिएको छ । प्रकाशजित आई हस्पिटल तथा नर्सिङ होम प्रा.लि.को प्राविधिक सहयोगमा सञ्चालित नि:शुल्क स्वास्थ्य शिविरमा लघुवित्त महिला सदस्यहरुसँगै सो क्षेत्रका स्थानीयहरुको आँखा, कान र दाँतको स्वास्थ्य जाँच गरिएको थियो । नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको बैंकको इजाजत प्राप्त फरवार्ड माइक्रोफाइनान्सले ग्रामिण क्षेत्रमा रहेका महिलाहरुलाई वित्तीय पहुँच स्थापित गर्न अग्रसर छ । करिब ३ लाख महिलाहरुलाई आर्थिक सशक्तिकरणको अभियानमा जोड्दै आएको फरवार्डले वित्तीय साक्षरता, सीपमुलक तालिमहरु प्रदान गरेर महिलाहरुमा विना धितो कर्जा प्रवाह गर्दै उनीहरुको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ ।

### कपिलवस्तुमा ४ वर्षीया बालिका बलात्कृत

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-९ मा एक ४ वर्षीया बालिका बलात्कृत भएकी छिन् । उनलाई छिमेककै १४ वर्षीय बालकले बलत्कार गरेको हो । शुक्रबार साँझ ६ बजेतिर घटना भएको ईलाका प्रहरी कार्यालय पिपराले जनाएको छ । घटनाबारे जानकारी गराएपछि प्रहरीले घटनामा संलग्न बालकलाई नियन्त्रणमा लिएको छ । ईलाका प्रहरी कार्यालय पिपराका प्रहरी निरीक्षक गोपाल रायमाझीले बलात्कारको आरोपमा एक जना बालकलाई नियन्त्रणमा लिएको बताए । ओरोपी बालक नाबालक रहेकोले उनको नाम भने सार्वजनिक गर्न नमिल्ने बताए । पीडीत बालिकाको स्वास्थ्य परीक्षण गर्दा पोजेटिभ देखिएको पीडित बालिकाका अभिभावकले बताए । घटनामा संलग्न बालक विरुद्ध अभिभावकले शनिबार किटानी जोहेरी दिएका छन् ।

### ट्रक र जीप ठोक्किादा दुईको मृत्यु

बारा । जीतपुरसिमरा उपमहानगरपालिका-१ स्थित आधाभार जंगल सडक खण्डमा बुधबार ट्रक र जीप एकआपसमा ठोक्किँदा २ जनाको मृत्यु भएको छ भने ४ जना घाइते भएका छन् । सिमराबाट हेटौंडा तर्फ आउँदै गरेको ना ६ ख ३३५२ नम्बरको ट्रक र हेटौंडाबाट पथलैया तर्फ जाँदै गरेको बाप्र ०१-०२६ च १३३४ नम्बरको जीप एकआपसमा ठोकिँदा २ जनाको मृत्यु भएको बारा प्रहरीले जनाएको छ । मृत्यु हुनेमा नुवाकोटको बिदुर नगरपालिका-९ कोल्नीका ३० वर्षीय सुजन मगराती र भारतको बिहार राज्य मोतिहारी मधुवनका २८ वर्षीय चन्दन चौहान छन् । एलएस न्यूरो अस्पताल बारामा उपचारको क्रममा दुवै जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । घाइते हुनेमा भारतीय नागरिक बिहार मजफ्फरपुर परखना मोतिपुरका २२ वर्षीय राहुल चौधरी, बिहार महाराजगञ्ज गोरखपुरका १७ वर्षीय सुदीप चौहान, सोही ठाउँ बस्ने १९ वर्षीय रामलखन चौहान र ट्रक चालक बाराको परवानीपुर गाँउपालिका-४ चैनपुरका ३० वर्षीय रवि पटेल रहेका छन् ।

# आरती साहको परिवारलाई प्रधानमन्त्रीको आश्वासन



काठमाडौं । न्यायका लागि वर्षौंदेखि संघर्ष गरिरहेको मृतक आरती साहको परिवारलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आश्वासन दिएका छन् । आम जनता पार्टीका अध्यक्ष प्रभु साहको पहलमा साहको परिवार बुधबार बालुवाटार पुगेका थिए । भेटमा आफूहरुले न्यायका लागि गर्नु परेको संघर्षबारे प्रधानमन्त्रीलाई जानकारी गराएको जनाइएको छ ।

सो भेटका क्रममा प्रधानमन्त्री प्रचण्डले न्यायका लागि पहल गर्ने आश्वासन दिएको पारिवारिक स्रोतले बताएको छ । जनकपुरकी आरतीको हत्या भएको परिवारको दाबी छ । परिवारले निरन्तर धर्ना दिएपछि मुद्दा दर्ता भएर उनका श्रीमान पुर्पक्षका लागि थुनामा समेत गरेका छन् ।

# भोजपुरी टेलिसिरियल 'खेलाडी' को घोषणा



काठमाडौं । नेपाली कलाकर्मीहरुद्वारा नेपालमा निर्मित पहिलो भोजपुरी टेलिसिरियल 'खेलाडी' प्रसारण हुन लागेको छ । शनिबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन गरी मुखिया एंटरटेनमेंट एण्ड मीडिया प्रा. लि.को प्रस्तुतिमा निर्माण भएको भोजपुरी सीरिज "खेलाडी" को टिजर रिलीज गरिएको छ ।

निर्माण कम्पनी मुखिया एंटरटेनमेंट एण्ड मीडिया प्रा. लि.ले प्रेस विज्ञप्तिमा भनेको छ, 'विकास र विस्तार हेरेर नै हामीले पनि भोजपुरी भाषामा केही गर्ने अठोट गरेका छौं ।' विज्ञप्तिमा भनिएको छ, 'नेपालबाट भोजपुरी भाषामा गीत संगीत र फिल्महरूको निर्माण गरि त्यसलाई विश्वका भोजपुरी दर्शकमांझ पुर्याउने उद्देश्यले हाम्रो एउटा सानो प्रयास हो। हास्य/कमेडीलाई आधार बनाई यूट्यूब मार्फत आफ्नो पहिलो प्रस्तुति "खेलाडी"को रूपमा भिडिओको निर्माण कार्य भई रहेको छ।' यसमा मुख्य भूमिकामा चर्चित भोजपुरी संचारकर्मी प्रियंका पाण्डेय, वीरेन्द्र मुखिया, स्वनिका बास्तोलाको मुख्य भूमिका रहेको छ । यस अलावा यस सिरीजमा सरू बराल, रामभजन कामत, अरकाना खातून, गोबिंदा यादव, सेराज आलम, गंगालाल श्रेष्ठ लगायतको पनि अभिनय रहेको छ। यस सिरीजका लेखक/निर्देशक शैलेस मानसिंह बस्नेत रहेका छन् भने यसको निर्माण बिरेन्द्र मुखिया, चांदनी देवी र पूर्णिमा कुमारीले गरेका छन्। यस सीरिजका गीतहरूलाई भोजपुरी साहित्यका प्रख्यात लेखक/गीतकार गोपाल अश्कले आफ्नो शब्द दिएका छन् भने आकाश ठाकुरको गायन तथा संगीत विनय कार्कीको रहेको छ।

'यो हास्य/कमेडी सीरिजलाई आजै देखि हाम्रो यूट्यूब च्यानल मुखिया इंटरटेनमेंटमा प्रोमो/टिजर रिलीज गरेका छौं। आउँदो २५ फेब्रुअरीको दिन यो सिरीज रिलीज हुने सहर्ष जानकारी गराउन चाहन्छौं।' विज्ञप्तिमा भनिएको छ ।

## नेपाली नाटक 'क्लेशा:' भारत रङ्ग महोत्सवमा मञ्चन

नयाँ दिल्ली । नेपाली नाटक 'क्लेशा:' भारतको अन्तर्राष्ट्रिय नाटक महोत्सवमा मञ्चन भएको छ । प्रतीक्षा कट्टेलको लेखन र विजया कार्कीको परिकल्पना तथा निर्देशन रहेको नाटक 'क्लेशा:'को २५ औं भारत रङ्ग महोत्सवमा मञ्चन भएको हो ।

भारतको राष्ट्रिय नाट्य विद्यालयले आयोजना गर्ने महोत्सवमा नाटक 'क्लेशा:' नयाँ दिल्लीमा र उत्तरखण्डको रामनगर (नैनीताल)मा गरी दुई मञ्चन भएको हो । नयाँ दिल्लीको एलटिजी अडोटोरियममा फेब्रुअरी १७ र रामनगरको नारायण दत्त अडोटोरियममा फेब्रुअरी १९ मा मञ्चन भएको हो । भारत रंग महोत्सवमा यस वर्ष भारतीय नाटक बाहेक तीन मात्र विदेशी नाटक छनौट हुँदा करमन कलाको प्रस्तुति नेपाली नाटक 'क्लेशा:'ले छनौट भएको थियो । फेब्रुअरी १ देखि सुरु भएको महोत्सव फेब्रुअरी २१ सम्म हुँदैछ ।

क्लेशा:का पाँच तत्वहरु अज्ञानता, अहंकार, मोह, विच्छेद र डरको दार्शनिक पृष्ठभूमिसहित नेपालको एक दुर्गम गाउँमा पञ्चायती व्यवस्थाको सामाजिक र सांस्कृतिक परिवेश नाटकमा छ । हरेक मञ्चनपछि 'डाइरेक्टर मिट' सेसनमा नाटकबारे अन्तरक्रिया समेत भएको थियो । सो क्रममा निर्देशक विजया कार्कीले रामायणका पात्रहरुलाई फरक कोणबाट विश्लेषण र अवलोकन नाटकमा गर्ने प्रयास गरिएको बताए । उनले भने, "रामायण मेरा लागि एक कथा हो, त्यसबाट प्रभावित भएर पात्रहरुबीचको मानसिक तथा भौतिक द्वन्द्वको कथा भनेको हुँ । यो समाजको वर्गबीचको, पुरुष महिलाबीचको, एकै पात्रभित्रको अन्तरद्वन्द्वको पनि कथा हो ।"

करमन कला समूहको प्रस्तुति रहेको नाटकमा सरिता गिरी, सुरक्षा पन्त, कुशल पाण्डे, सुदीप खतिवडा, विजय बराल, विकास जोशी, रोसनी कार्की, स्वप्निल घिमिरे, सन्दिप श्रेष्ठ, संयोग गुरागाईं, मिलन कार्की, सुजन खतिवडा, सविना थापा र सरस्वती अधिकारीको अभिनय रहेको थियो । कलाकार सुरक्षा पन्तले नाटक 'क्लेशा:'बाट थिएटर डेब्यु गरेकी हुन् । त्यस्तै नाटकको महोत्सव टिममा निर्देशक कार्कीसँगै विभिन्न प्राविधिक भूमिकासहित रिजन परियार, उमेश तामाङ, अनुप न्यौपाने, रुपक खरेल, रुजा राउत र केदार श्रेष्ठ छन् ।

यसनाटक २०७६ सालमा नियमित तीन साता र यसवर्ष भारत रंग महोत्सवमा आउनुअघि नेपालको मण्डला थिएटरमा तीन विशेष मञ्चन भएको थियो । 'क्लेशा:'को नेपाली टोली महोत्सवको समापन पश्चात् विहिबार काठमाडौं फर्कदैंछ ।

# बीआरआई ऋण-जालले राष्ट्रिय सार्वभौमसत्ता खतरामा परेको निष्कर्ष

काठमाडौं । राष्ट्रिय एकता अभियान कैलालीले अतरियामा बिआरआई ऋण जालसम्बन्धि अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। छलफलको नेतृत्व समाजसेवी तथा कार्यक्रम संयोजक कृष्ण जोराले गर्नुभएको थियो । कार्यक्रममा अभियानका केन्द्रीय संयोजक विनय यादव, अतिथिहरु जीत रावल, देवी मल्ल, डम्बर गुरु धामीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन रमेश बहादुर पुजाराले गरेका थिए ।

चीनको नेतृत्वमा रहेको बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) को कथित खाडलहरूप्रति नेपालको संवेदनशीलताबारे छलफल केन्द्रित रहेको थियो। सहभागीहरूले बिआरआई ऋणको जाल र राष्ट्रको सार्वभौम पहिचानमा पर्ने असरबारे चिन्ता व्यक्त गरे।



नेपाल-चीन सम्बन्धका सूक्ष्म जटिलताका बारेमा छलफल गर्दै विकसित भूराजनीतिक परिदृश्यका बीचमा राष्ट्रिय हितको रक्षा गर्नुपर्नेमा जोड दिइएको थियो ।

छलफलको केन्द्रविन्दु नेपालको स्वायत्ततामा खलल पार्ने चिनियाँ प्रभाव थियो। सहभागीहरूले चिनियाँ दबाबको सामना गर्दै नेपालको सार्वभौमसत्तालाई सुदृढ गर्ने र यसको स्वतन्त्रतालाई कायम राख्ने सामूहिक संकल्प लिएका थिए।

अन्तर्क्रिया कार्यक्रमले नेपालको राष्ट्रिय हितको रक्षाको स्पष्ट आह्वान गरेको थियो। सरोकारवालाहरूलाई सतर्कताका साथ सार्वभौमसत्ता कायम राख्न र दिगो आर्थिक विकास र भू-राजनीतिकको नीति अख्तियर गर्न सुझाईएको थियो।

## विद्यार्थीका...

उपराष्ट्रपति यादवले पाठ्यपुस्तकहरुमा नेपालको बहुसंस्कृति, बहुपहिचानका विषयवस्तुहरु समेटन चुक्न नहुने समेत बताउनु भयो । 'यसो भए मात्र विद्यार्थीका शिक्षण सिकाई क्रियाकलाप माटो, समाज र देश सुहाउँदो हुनुको साथै शसक्त, जीवनोउयोगी, सीपयुक्त, कौशलयुक्त र स्वरोजगारयुक्त बन्न सक्छ ' उहाँले भन्नुभयो, ' हाम्रा पाठ्यपुस्तकहरु विद्यार्थी केन्द्रित, व्यापक र आत्मनिर्भर हुनै पर्दछ । यसले विद्यार्थीहरुको सिकाईलाई व्यवस्थित गर्नुका साथै शिक्षकहरुलाई पाठ्यक्रमले निर्धारण गरेको लक्ष्यमा पुग्न शिक्षण (शैक्षणिक) योजनाहरु बनाउन सहयोग पनि गर्न सक्छ ।'

'विद्यालय एउटा यस्तो संस्था हो जहाँ विद्यार्थीहरुमा ज्ञान, सीप र कौशल प्रदान गर्दै उनीहरुमा जीवनको मूल्य बुझ्न पनि सहयोग गर्दछ' उपराष्ट्रपति यादवले अगाडि भन्नुभयो, 'यसको अभावमा शिक्षा व्यर्थ हुन जान्छ । हाम्रा विद्यालयहरुमा विद्यार्थीहरुमा कडा परिश्रम, मानवता, ईमान्दारिता र देशभक्तिका लागि प्रेरित गर्ने शिक्षा आवश्यक छ । यसका लागि विद्यालयको शैक्षिक वातावरण राम्रो हुनै पर्दछ, साथै शिक्षण विधि, शैक्षिक सामग्री, पाठपुस्तक आदि पनि समयसान्दर्भिक, परिस्कृत, परिमार्जित र माटो सुहाउँदो हुन जरुरी छ । '

उहाँले प्रतिस्पर्धाको यो आधुनिक युगमा पाईला-पाईलामा अवरोध र बाधाहरु झेल्नु पर्ने भएकाले कठोर मिहिनेत, लगनशीलताबाटै ती सबैलाई छिछोल्न सकिने बताउनु भयो । 'अत: विद्यालय र त्यहाँ शिक्षण सिकाई क्रियाकलापमा प्रयोग हुने पाठ्यपुस्तकहरु विद्यार्थीहरुलाई मानवताको महत्व बुझाउँदै कुनै पनि धर्म, जाति वा पंथ भन्दा मानवता ठूलो भएको सिकाउन सक्नु पर्दछ ' उपराष्ट्रपति यादवले भन्नुभयो, 'बालबालिकाहरुको मनमस्तिष्कमा यो महत्वपूर्ण तथ्यलाई शिक्षाको माध्यमबाट भर्न सके हाम्रो समाज र देशलाई यस्तो विश्व मञ्चमा दोर्याउन सकिन्छ, जहाँ शान्ति, अमनचयन र हरेको अस्तित्वको सम्मान गर्दै अघि बढने जनशक्ति पनि तयार हुनेछ ।'

## दलहरुको...

मनोमानीका विरुद्धमा आवाज उठाउँने समय आईसकेको छ । यो व्यवस्था, दलीय सिण्डिकेट, भ्रष्टाचार तथा कुशासनका विरुद्धमा सडकमा उत्रिन ढिला नगरौं ।'

यस्तै आजपा अध्यक्ष साहले गौर हत्याकाण्डका हत्यारालाई कारवाही गर्नुपर्ने माग समेत गरे । गौर हत्याकाण्डका हत्याराहरु खुलेयाम घुमिरहेको भए पनि उनीहरुलाई सरकारले किन कारवाही नगरेको भन्दै उनले सरकारसंग आक्रोश व्यक्त गरेका छन् ।

हत्यारा जोगाउनका लागि सरकार छोड्ने भन्ने जस्ता कुरा गर्नेहरुले मधेसको बिकासका लागि किन बोल्दैनन् भन्दै उनले प्रश्न गरे । जसपा नेता उपेन्द्र यादवप्रति लक्षित गर्दै आजपा अध्यक्ष साहले संघीय सरकारमा सहभागि भएको मधेस सरकारको नेतृत्व समेत गरेका नेताहरु हत्यारा बचाउन सरकार छोडछु भन्नेले मधेसको बिकासका लागि किन बोल्दैनन् ? किन मौनब्रत बसेका होलान ? भन्दै प्रश्न गरेका छन् ।

## बजेटको...

विगतका सम्पूर्ण कुराको अनुभव लिएर हामी बढ्छौ भन्दै स्वास्थ्य सेवासँग सम्बद्ध सबैलाई सकारात्मक सोच राखेर प्रतिष्ठान र प्रादेशिक अस्पताललाई अघि बढाउनुपर्ने आवश्यक्तामाथि जोड दिए ।

प्रतिष्ठानका निमित्त उपकुलपति समेत रहेका रेक्टर प्रा.डा. अंकुर साहको अध्यक्षतामा भएको समारोहमा रजिष्ट्रार प्रा.डा. विनोद यादवले प्रतिष्ठानको प्रगति र भावी कार्यदिशाबारे प्रकाश पारे ।

प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. रामनरेश पण्डितले स्वागत मन्तव्य राखेको समारोहमा संचालक परिषद् सदस्यद्वय डा. प्रमोद कुमार सर्राफ र मिनु झा लगायतले अष्ठयाराहरुका बीचपनि प्राप्त उपलब्धीलाई अघि बढाउनुपर्ने र प्रदेश सरकारले आफै नीति निर्माण गरी विकासको कार्य अगाडि बढाउनुपर्नेमा जोड दिए ।

यसअघि प्रादेशिक अस्पतालको नवविस्तारित ह्दयरोग सम्बन्धी अत्याधुनिक सेवायुक्त क्याथ ल्याबको मुख्यमन्त्री यादव र स्वास्थ्य तथा जनसंख्या मन्त्री सिंहले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

प्रादेशिक अस्पतालमा सुरु भएको क्याथ ल्याब सेवाबारे मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रेक्टर प्रा.डा. अंकुर साहले जानकारी गराएका थिए ।


## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुन: जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड





साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्यास

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु



पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं